मिनुष बनिन्...पृष्ठ ६


लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

ग्राहक प्रति

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित



लोकप्रिय राष्ट्रिय दैनिक राजधानी

☎ ग्राहक बन्नु परेमा

☎ नवीकरण गर्नु परेमा

☎ ठेगाना परिवर्तन भएमा

र पत्रिका नियमित नआए

सिधा सम्पर्क 5546300, बिहान १० बजे देखि ५ बजेसम्म Ext: 112, 108



काठमाडौं । वर्ष १५, अंक २१९, काठमाडौं, मंगलबार ५ माघ २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Tuesday 19 January 2016 । पृष्ठ : ८ मूल्य रु. ५/-


### सहुलियत पाउन अंशबन्डा गर्नेको लर्को

# सदरमुकाममै सकियो भूकम्पपीडितको राहत

**दिनेश थापा / राजधानी**
सिन्धुपाल्चोक, ४ माघ

सिन्धुपाल्चोकको विकट भोटेनाम्लाङ गाविसका ८० वर्षीय जितबहादुर तामाङ दुई दिनदेखि सदरमुकाम चौतारामा बसिरहेका छन् । आइतवार झिसमिसेमै गाउँबाट साथीहरूसंग जिल्ला मालपोत कार्यालय आएका तामाङ सोमवार अबेरसम्म पनि काम सम्पन्न नभएपछि मालपोत कार्यालय छेउको चौतारीमा सुस्ताउँदै बसिरहेका हुन् ।

उनीसंगै छन्, सोही बडाका जमदार तामाङ । लौरो टेक्दै आएका जितबहादुर दुई दिन बस्दा पनि काम नबनेपछि संगै रहेका साथीसंग एक खिल्ली चुरोट माग्छन् अनि बेपरवाह चुरोट तान्छन् ।

'छोरालाई अंश दिन हिजो आएँ तर आजसम्म पनि काम भएन,' जितबहादुरले राजधानीसंग भने । पैसा कति सकियो भन्ने प्रश्नमा उनी भन्छन्, 'कति सकियो कति ? हिसाब नै छैन ।' आफ्नो नामको जग्गा छोरालाई दिन जितबहादुर मालपोत कार्यालय आएका छन् भने भाइलाई जग्गा दिन जमदार मालपोत कार्यालयमा छन् । उनीहरू मात्रै होइनन्, गाउँका २० जनाभन्दा बढी व्यक्ति मालपोत कार्यालय धाइरहेको जमदारले बताए । उनीहरू गाविस सचिवको डेरामुनिको होटलमा बस्छन् र अंशबन्डाका लागि १० नबज्दै मालपोत र नापी कार्यालय पुग्छन् ।

गोल्चे-३ का सन्तबहादुर गोले र अमर गोले दाजुभाइ पनि चार दिनदेखि सदरमुकाम चौतारामै छन् । बस्ने होटल नपाउने भएपछि उनीहरू घरबाटै कम्बल र सिरक लिएर आएका छन् । 'यता बस्ने ठाउँ पाइदैन रे, त्यसैले ओढ्ने ओछ्याउने नै लिएर आयौं,' दाजुभाइ दुवैले एकै स्वरमा भने ।

उनीहरूका बाबु दमैसिंह तामाङको केही वर्षअघि नै मृत्यु भइसकेको छ । बाबुको नाममा रहेको जग्गा जमिन दुई दाजुभाइको नाममा गर्न आए पनि चार दिनसम्म पनि काम सकिएको छैन । चार दिन सदरमुकाम बस्दा ४ हजार ५ सय खानाखाजा, ५ हजार ५ सय राजस्व र ६ सय रुपैयाँ फोटोकपीमै खर्च भइसकेको छ । राजस्व भनेर लेखनदासले ५ हजार ५ सय लगिसकेका छन् । 'यतिले पुग्दैन, माथि पनि मिलाउनुपर्छ भनेका छन्, अब त घर जानै खर्च छैन,' सन्त र अमरले भने । भूकम्पपीडितका नाममा आएको रकम लिएर जग्गा अंशबन्डाका लागि आएका उनीहरू घर पुग्दा रकमविहीन त बन्नेछन् नै, बन्डाअनुसार राहत पाउने ग्यारेन्टी पनि देखिँदैन ।

मेलम्ची नगरपालिका-६ का डिलबहादुर दनुबारको लक्ष्मण र मंगल दुई भाइ छोरा छन् । भूकम्पपछि सरकारले प्रदान गरेको परिचय पत्र पाए पनि लालपुर्जा नभएकाले अब सरकारबाट आउने अन्य अनुदान नपाउने हल्ला चलेपछि छोराहरूलाई लिएर उनी दुई दिनदेखि मालपोत कार्यालयमा अंशबन्डाका लागि आएका छन् ।

(बाँकी पृष्ठ २ मा)

# सहमतिको अन्तिम खाका तयार पार्दै कार्यदल

**राजधानी समाचारदाता**
काठमाडौं, ४ माघ

प्रमुख तिन दल र आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाद्वारा गठित संयुक्त कार्यदलले सहमतिको अन्तिम खाका निर्माणको गृहकार्य अघि बढाएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा सोमवार बसेको प्रमुख तिन दलको शीर्ष बैठकले दुवै तर्फबाट तयार गरिएको मस्यौदालाई सहमतिको अन्तिम रूप दिन 'म्याण्डेट' दिएलगत्तै कार्यदलले अबेरसम्म गृहकार्य गरेको हो ।

मस्यौदामाथि संसद् बैठकअगावै सहमति हुने गरी अन्तिम प्रयास गर्ने दलहरूको तयारी छ । शीर्ष बैठकमा कार्यदलका सदस्यहरूले सहमतिका लागि गरेको गृहकार्यसहितको दुवै तर्फका खाका प्रस्तुत गरेका थिए । तिन दलका सदस्यहरूले तयार पारेको पांचबुँदे र मोर्चाको तर्फबाट प्रस्तुत ६ बुँदे प्रस्तावमाथि छलफल भएपछि नेताहरूले सहमतिका लागि विकल्पहरूबारे पनि जिज्ञासा राखेका थिए ।

तिन महिनाभित्र सीमांकन परिमार्जन गर्न राजनीतिक संयन्त्र गठन गर्ने, संयन्त्रलाई संसद्को दुई तिहाइले अनुमोदन गर्ने तथा संविधानको अनुसूचीमा संयन्त्रलाई राख्ने विकल्पमाथि तिन दल सहमत भए पनि संयन्त्रलाई राज्य पुनःसंरचना आयोग लगायतका प्रतिवेदनलाई आधार मानेर तराईमा दुई प्रदेश कायम गर्ने कुरा भने ठाडै अस्वीकार गरेका छन् ।

मोर्चाको प्रस्तावअनुसार अघि बढ्दा संयन्त्र गठनको औचित्य समाप्त हुने तथा अन्य पक्षका पनि कुरा सुनेर सीमांकन हेरफेरमा समस्या हुने भन्दै नेताहरूले त्यसलाई भाषिक रूपमा परिमार्जन गरेर मात्र सहमति गर्न सकिने स्पष्ट पारेका छन् । नेताहरूको यस्तो भनाइपछि कार्यदलका नेताहरूले भाषिक परिमार्जनसहित सहमतिको प्रयास गरिरहेका छन् । 'मोर्चाको प्रस्ताव घुमाउरो ढंगले तराईमा दुई प्रदेश बनाउनुपर्छ भन्ने नै देखिएकाले सहमतिका लागि अझै प्रयास गर्नुपर्ने रूपमै प्रस्ताव आएको विषयलाई

## मधेसमा दुई प्रदेशको प्रस्ताव तिन दललाई अमान्य, विकल्प खोजिँदै

स्थिति देखिन्छ,' बैठकपछि एमाले संसदीय दलका प्रमुख सचेतक भानुभक्त ढकालले राजधानीसंग भने, 'उहाँहरूले भनेजस्तै यति प्रदेश हुन्छ भन्ने तोक्ने हो भने सीमांकन परिमार्जनका लागि किन राजनीतिक संयन्त्र गठन गर्नुपर्‍यो भन्ने प्रश्न उठ्ने भएकाले अरू पक्षका पनि माग सुनेर छलफलबाट सीमांकनका लागि निर्णय गर्नु उचित हुन्छ भन्ने हाम्रो भनाइ रहेको छ ।'

ढकालले समस्या समाधान गर्नेभन्दा बल्झाउने गरी सहमति गर्न नहुने तिन दलको अडान रहेको पनि स्पष्ट पारे । 'हिमाल, पहाड र तराईलाई मिलाएर सीमांकन परिमार्जन गर्नुपर्छ भन्ने नै हाम्रो भनाइ हो, सहमति गर्दा अरू पक्षका पनि माग र संवेदनशीलतालाई ख्याल गर्न सकिएन भने भोलि फेरि अर्को समस्या आउन सक्छ,' ढकालले भने । जनसंख्या र भूगोलका आधारमा निर्वाचन क्षेत्र पुनर्निर्धारण गर्ने, नागरिकताका विषयमा अन्तरिम संविधानको व्यवस्थालाई नै निरन्तरता दिनेलगायतका विषयमा भने तिन दल र मोर्चा दुवै सहमत देखिएका छन् ।

एमाओवादी उपाध्यक्ष नारायणकाजी श्रेष्ठले मोर्चाको तर्फबाट सहमतिका लागि लिखित रूपमै प्रस्ताव आएको विषयलाई तिन दलले सकारात्मक रूपमा लिएको बताए । उनले दुवै पक्षको प्रस्तावलाई आधार मानेर सहमतिको अन्तिम प्रस्ताव तयार पार्न कार्यदललाई निर्देशन दिइएकोसमेत जानकारी दिए ।

'मोर्चाका तर्फबाट राखिएको ६ बुँदे प्रस्तावलाई तिन दलले सकारात्मक रूपमा लिएको छ, अझ लिखित रूपमै आउनु झन् सकारात्मक कुरा हो,' बैठकपछि श्रेष्ठले भने, 'हामीले दुवै तर्फको प्रस्तावलाई मिलाएर खाका तयार गर्न निर्देशन गरेका छौं, त्यसअनुसार उहाँहरूले गृहकार्य अघि बढाउनुभएको छ ।' दुवै पक्षले सम्मानजनक स्थितिसहित सहमति हुने गरी भाषिक परिमार्जनको कसरत गरिरहेको नेताहरूको भनाइ छ ।

### राजधानी कुरा-कुरा

•उत्तम नेपाल

कता'ट आउनु नि ! उ... उता न्यानो लुगाको लागि पैसा बाँड्या ठाउँबाट..!

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

**कमल अर्याल / राजधानी**
काठमाडौं, ४ माघ

- पेट्रोलमा ५ रुपैयाँ तथा म्हीतेल र डिजेलमा ६ रुपैयाँ घट्यो
- अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य ११ वर्षयताकै न्यून
- डिपोमा तेल भए पनि तेल बाँड्न निगमको आनाकानी
- थानकोट डिपो भरिएपछि ट्यांकरले इन्धन खन्याउन पाएनन्

नेपाल आयल निगमले इन्धनको मूल्य घटाएको छ । अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य घटेको भन्दै निगमले सोमवारदेखि लागू हुने गरी पेट्रोल, डिजेल र म्हीतेलको मूल्य क्रमशः ५ र ६ रुपैयाँका दरले घटाएको हो । ग्यासको मूल्यमा भने कुनै हेरफेर गरिएको छैन ।

नयाँ मूल्यअनुसार पेट्रोलको मूल्य ९९ रुपैयाँ र म्हीतेल तथा डिजेलको मूल्य ७५ रुपैयाँ प्रतिलिटर कायम गरिएको छ । यसअघि पेट्रोलको मूल्य १ सय ४ रुपैयाँ प्रतिलिटर तथा डिजेल र म्हीतेलको मूल्य ८१ रुपैयाँ रहेको थियो ।

त्यसैगरी, निगमले हवाई इन्धनको मूल्य पनि समायोजन गरेको छ । नयाँ मूल्यअनुसार हवाई इन्धन १ सय ६४ रुपैयाँ ६८ पैसा रहेको छ । यसअघि हवाई लिफ्ट गरेर ल्याउँदा महँगो भएको भन्दै प्रतिलिटर २ सय ३२ रुपैयाँ प्रतिलिटर कायम गरिएको थियो ।

निगमले स्वचालित मूल्य लागू गर्न इन्डियन आयल कर्पोसन (आईओसी) ले पठाएको मूल्यका आधारमा मूल्य सामायोजन गर्ने गर्छ । तर, अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य घट्दै जाँदा पनि भारतले गरेको अघोषित नाकाबन्दीले आपूर्ति असहज भएको भन्दै निगमले ६ महिनायता मूल्य घटाएको थिएन । यसअघि निगमले १७ साउन र १५ भदौमा मूल्य घटाएको थियो । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य प्रतिव्यारेलको ३० डलरभन्दा पनि कममा झरेको छ । एक ब्यारेलमा १ सय ५८ लिटर तेल हुन्छ ।

(बाँकी पृष्ठ २ मा)


रोजाई तपाईको सुरक्षित भविष्य हामी सबैको

अग्नि सिमेन्ट इण्डष्ट्रिज प्रा. लि. द्वारा उत्पादित

त्रिदेव सिमेन्ट

ISO 9001:2008 CERTIFIED COMPANY

AC अग्नि सिमेन्ट

अग्नि सिमेन्ट इण्डष्ट्रिज प्रा. लि.

इमेल: acinfo@agnicement.com, वेबसाइट: www.agnicement.com


# ११ वर्षीय बालकको अपहरणपछि हत्या

## हत्यापछि हातखुट्टा बाँधेर खाल्डोमा पुरियो

**कमलेश मण्डल / राजधानी**
महोत्तरी, ४ माघ

जलेश्वर नगरपालिका-१२ मलिबाडाका नवीन पाण्डे ११ वर्षीय छोरा निश्चल पाण्डे (क्विट) को अपहरणपछि हत्या भएको छ । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख प्रहरी उपरीक्षक (एसपी) जनक भट्टराईले पाण्डेको अपहरणपछि हत्या गरिएको पुष्टि गरेका हुन ।

गत बिहीबार मलिबाडास्थित वस स्ट्यान्डमा खेलिरहेका बालक पाण्डेलाई एक समूहले अपहरण गरी लगेको र सोही रात हत्या गरेर जलेश्वर-१३ स्थित रातुखोला

किनारमा गाडेको अवस्थामा आइतवार राति शव फेला परेको छ । घटनामा संलग्न रहेको आशंकामा प्रहरीले चार जनालाई पक्राउ गरेपछि उनको अपहरणपछि हत्या भएको रहस्य खुलेको हो ।

पक्राउ परेका व्यक्तिको बयानका आधारमा प्रहरीले खोजी गर्दा आइतवार राति १० बजे बालक पाण्डेको शव खाल्डोमा पुरिएको अवस्थामा फेला परेको एसपी भट्टराईले बताए । बालकको शरीरभरि नीलडाम छ । हत्यापछि अपहरणकारीले बालकको हातखुट्टासमेत भांचेर खाल्डोमा पुरेका थिए । बिहीबार साँझदेखि अपहरणमा परेका बालक पाण्डेको सोही दिन हत्या गरेर पुरिएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

बालक अपहरणको दुई दिनपछि शनिवार अपहरणकारीमध्येका एक युवाले ९८४४२७७८५० नम्बरको मोबाइलबाट अश्लील गाली गर्दै बालकका परिवारसंग ३० लाख रुपैयाँ फिरौती मागेको पीडितका काका सञ्जय पाण्डले बताए ।

पाण्डेका अनुसार अपहरणकारीहरूले ३० लाख रुपैयाँ मागे पनि २/४ लाख रुपैयाँ मात्र दिने हैसियत भएको र भतिजासंग कुरा गराउन भनेपछि अपहरणकारीले फोन स्विच अफ गरेका थिए । त्यसपछिको साँझ पनि अपहरणकारीले सोही नम्बरबाट फोन गरेर पैसा नदिए बालकको हत्या गरिदिने धम्की दिएका थिए । धम्की र फिरौतीबारे जिल्ला प्रहरी कार्यालय महोत्तरीका एसपी भट्टराईलाई तत्काल जानकारी गराएको परिवारजनले बताएका छन् ।

(बाँकी पृष्ठ २ मा)

## सदरमुकाममै...

'बडा कार्यालयले लालपुर्जा नभए सहयोग आउँदैन भन्यो, त्यसैले अशंवन्डा गर्न आएको,' हिलबहादुरले भने । ६ महिनाअघि श्रीमान्को मृत्यु भएपछि श्रीमान्को नाममा रहेको जग्गाजमिन आफ्नो नाममा गर्न भोताङ-२ की ७२ वर्षीया कान्छी बाइला पनि मालपोत कार्यालयमा तिन दिनदेखि बसिरहेकी छन् । जिल्ला मालपोत र नापी कार्यालयमा देखिएका यी केही प्रतिनिधि घटना मात्रै हन् । यतिबेला सरकारी राहत पाउने आशामा जग्गा बन्डा पत्र लगायत अन्य काम लिएर आउनेको मालपोत र नापीमा ठुलो भिड लागेको छ ।

सिन्धुपाल्चोकमा मालपोत र नापी कार्यालय स्थापना भएयता एकै पटक सेवाग्राहीको यति ठुलो भिड कहिल्यै लागेको थिएन । १२ वैशाखको भूकम्पपछि सरकारी सेवा/अनुदान पाउने आशामा गाउँगाउँबाट अशंवन्डा गर्न आउनेको भिड लागेको हो । भूकम्पलगत्तै अस्थायी टहरा निर्माणका लागि परिचय पत्र लिएपछि अब सरकारबाट स्थायी संरचना निर्माणका लागि प्रदान गर्ने २ लाख र सामूहिक जमानीको ३ लाख ऋण लालपुर्जा नभए नपाइने हल्ला चलेपछि जिल्लाका प्रायः सबै गाविसबाट सर्वसाधारण बस रिजर्भ गरेरै अशंवन्डा गर्न मालपोत र नापी कार्यालयमा आइरहेका छन् । जिल्लाका लिस्ती, बरबा, गुम्बा गोल्वेलगायतका विकट गाविसबाट अशंवन्डाका लागि आएका सेवाग्राहीहरू चार दिनसम्म पनि काम नभएपछि सदरमुकाममै बसिरहेका छन् ।

प्रमुख जिल्ला अधिकारी गोकर्णमणि दुवाडी स्वयं सरकारबाट प्रदान गरिने सुविधाका लागि लालपुर्जा हुनुपर्ने कि नपर्ने भन्नेमा अन्योलमा छन् । जिल्ला मालपोत कार्यालयमा १ साउनदेखि पुस दोस्रो सातासम्म ५ सय ३३ थान अशंवन्डा भएका छन् । त्यस्तै, २ सय ८० थान बकस पत्र, १२ सय १० राजीनामा, १ सय ९ थान छोडपत्र र सट्टापट्टा लिखत बदर रहेका छन् । यो अवधिमा सबै गरी २१ सय ३२ थान पारित भएको मालपोत कार्यालयका सुब्बा विष्णुकमार काकीले जानकारी दिए । त्यस्तै १६ पुसदेखि ४ माघसम्म ८ सयभन्दा बढी थान जग्गा पास भएका छन् । त्यसमध्ये २ सय ६० थान अंशवन्डा, १ सय ९१ थान बकसपत्र, ३ सय ७६ थान राजीनामा पास छन् ।

## ११ वर्षीय...

घटनामा संलग्न आरोपमा प्रहरीले जलेश्वर नगरपालिका-१ का पप्पुकुमार यादव, जलेश्वर नगरपालिका-१२ का गोविन्दकुमार मिश्र, सरोज पाण्डे र सञ्जीव मिश्रलाई पकाउ गरी अनुसन्धान गरिरहेको छ ।

यता, बालक हत्याको खबरले मलिवडा टोल नै शोकमग्न छ । उनको परिवारजनमा श्वावासी छाएको छ भने मृतक बालकका आमा रुबी पाण्डे र बाबु नवीन पाण्डे अचेत अवस्थामा रहेको उनका छिमेकीले बताएका छन् । घटना आर्थिक लेनदेनकै कारण भएको प्रहरीको भनाइ छ । बालक पाण्डे जेबरबस्टिक एडभान्स्ड लर्नर इरिलस बोर्डिङ स्कुलको कक्षा ४ मा पढ्दै थिए । पीडित नवीन पाण्डेका एक छोरा र छोरी रहेका थिए । छोरालाई अपहरणमुक्त गराइदिन नागरिक समाज, सञ्चारकर्मी र मानव अधिकारकर्मीलाई अपहृत बालकका पिता नवीन पाण्डेले आग्रह गरेका थिए ।

प्रहरीका अनुसार एक साता नबिन्दै महोत्तरीमा फेरि अर्का बालकको अपहरणपछि हत्या भएको हो । यसअघि गत सोमवार भटौलिया-२ का रवीन्द्र महासेठको आठ वर्षीय छोरा जिनिस भनिने चिरञ्जीबी महासेठको अपहरणपछि हत्या गरी खाल्डोमा पुरिएको अवस्थामा शव फेला परेको थियो । महासेठको आफ्नै घरअगाडि खेल्दै गरेको अवस्थामा गाउँकै तिन युवकको समूहले शनिवार साँझ अपहरण गरी सोही दिन हत्या गरेको थियो । सो घटनामा संलग्न तिन जनालाई प्रहरीले पकाउ गरी अपहरणपछि कर्तव्य ज्यानअन्तर्गत मुद्दा चलाएको बताइएको छ ।

एक साताभित्र दुई बालकको अपहरणपछि हत्या भएपछि स्थानीयवासी त्रसित छन् ।

## पेट्रोलियम पदार्थको...

यो मूल्य पछिल्लो ११ वर्षपछिकै सस्तो हो । विश्लेषकहरूका अनुसार साउदी अवर र इरानविच उत्पन्न भएको असहज परिस्थिति र ती दुवै मुलुकले तेलको उत्पादनमा गरेको वृद्धिका कारण तेलको मूल्यमा कमी आएको हो । तर, अन्तर्राष्ट्रिय मूल्यअनुसार इन्धनको मूल्य समायोजन नगरेर पहिलेको तुलनामा थोरै परिमाणमा इन्धन बिक्री गरे पनि निगमलाई नाफैनाफा हुने गरेको छ । नयाँ मूल्यअनुसार निगमलाई मासिक करिब २३ करोड रुपैयाँ नाफा हुन्छ ।

यसैबिच, तेल पर्याप्त नआएको भन्दै आयल निगमले पेट्रोलियम पदार्थ वितरण नगरी जनतालाई सास्ती दिँदै आएको छ । काठमाडौं ल्याइएको तेल नपाइँदा तेल कहाँ राख्ने भन्ने समस्या हुँदा समेत जनता भने कालो बजारमा दोब्बरभन्दा बढी मूल्य तिर्न बाध्य छन् ।

सोमबार मात्रै आयल निगमको थानकोटस्थित डिपोको ट्र्याकी भरिएपछि ११ ओटा ट्र्याकरले सोमबार पेट्रोलियम बन्यान्उन पाएनन् । थानकोटस्थित डिपो भरिएपछि सोमबार आएका ११ ओटा ट्र्याकरको इन्धन सिधै पेट्रोल पम्पलाई वितरण गरिने भएको छ ।

निगमले मंगलवार निजी क्षेत्रका मोटरसाइकललाई इन्धन वितरण गर्ने योजना बनाएको छ । सोही योजनालाई कार्यान्वयनमा ल्याउन थानकोटको डिपोको क्षमताभन्दा बढी आएको इन्धन प्रयोग गरिने बताइएको छ ।

निगमका अनुसार थानकोटको डिपो अहिले पूर्ण रूपमा भरिएको अवस्थामा छ । सोमबार आएको ११ ट्र्याकरको इन्धन सो डिपोमा राख्न सक्ने अवस्था नभएकाले सो परिमाणको इन्धन मंगलवार निजी क्षेत्रका मोटरसाइकललाई वितरण गरिनेछ ।

लट संख्याका आधारमा निगमले सोमबार, बुधवार र शुक्रवार पाँच लिटरका दरले इन्धन दिने भएको छ । त्यसैगरी, सातातो दुई पटक मंगलवार र बिहीवार जोरविजोरका आधारमा १० लिटरका दरले निजी क्षेत्रका ट्र्याक्सीलाई पेट्रोल वितरण गर्ने योजना पनि निगमले तयार पारेको छ ।


### कम्पनीको नाम परिवर्तन भएको सूचना

यस कम्पनीको मिति २०७२।१२ मा सम्पन्न विशेष साधारणसभाको निर्णय तथा श्री कम्पनी रजिष्ट्राको कार्यालय विराटनगरको मिति २०७२।९।६ को निर्णयबाट 'डिन हट रिसोर्ट प्रा.लि.' को नाम परिवर्तन गरी 'कोलिना होलिडे इन प्रा.लि. नं. १३१८५१/' कायम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कोलिना होलिडे इन**
बुद्धानिलकण्ठ-५ काठमाडौं


फाट नं.१७, मुद्दा नं. २१४/०७२-PC-१७२९

काठमाडौं जिल्ला अदालत बाट जारी भएको माफीमाग तामाङको नाती मुकविर तामाङको छोरा आबेयनाल्चोक जिल्ला बोल्चेपोचि गा.वि.स.वडा नं. २ घर भई हाल काठमाडौं जिल्ला ना.म.न.पा.वडा नं. २९, बस्ने राम बहादुर तामाङका नाउँको २० दिने इतलापनामा म्याद ।

उपरान्त बादी जि. काभे बोल्चेपोचि गा.वि.स.वडा नं. ८ घर भई हाल का.जि.का.म.न.पा.वडा नं. १५ बस्ने एजिना लामा (तामाङले तपाईको नाउंमा मिति २०७५/०८/२९ गते सम्बन्ध विच्छेद मुद्दाको फैसाद दायर गरेउनु भएको तपाईको नाउंमा यस अदालत बाट जारी भएको म्याद मिति २०७५/०९/२७ मा बेपत्ता लाखेन भई आएको र प्रतिवादीका नाउंको म्याद पठैकामा प्रकाशित गरि पाउ भनि बादी एजिना लामा (तामाङले निवेदन समेत दिई इजलास समक्ष पेश हुंदा प्रतिवादीका नाउंको म्याद राष्ट्रीय स्तरको पत्रिकामा प्रकाशित गर्नु भन्ने यस अदालतको मिति २०७५/०९/२८ गतेको आदेशानुसार जिल्ला अदालत नियमावली २०४२ को नियम २२(ख) बमोजिम तपाईका नाउंको म्याद राष्ट्रिय स्तरको पत्रिका राजधानी दैनिकमा प्रकाशित गरिएको छ । सो म्याद प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १० (तीस) दिनभित्रमा प्रतिउत्तर पत्र र भए कानुन बमोजिमको प्रमाण समेत लिई आउनु वा कानुन बमोजिमको वारेस पठाउनु होला । सो म्याद भित्र प्रतिउत्तर पत्र लिई आउनु भाएन वा वारिस एवं कानुन व्यवसायी पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दा पीजवा हुने छ । इति सम्वत २०७५ साल पौष महिनाको २८ गते रोज २ शुभम् ।


नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
क्षेत्रीय कृषि निर्देशनालय मध्यमाञ्चल
जिल्ला कृषि विकास कार्यालय, मकवानपुर

**भवन निर्माण सम्बन्धि बोलपत्र आह्वानको सूचना**

यस कृषि विकास कार्यालय हेटौंडा मकवानपुरमा कर्मचारी आवास गृह निर्माण (माथिल्लो तला पर्ने) कार्यको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले कानुन बमोजिम रित पुगेका इच्छुक नेपाली व्यक्ति, फर्मबाट यो सूचना प्रकाशित भएको मितिले २० औं दिनसम्मको कार्यालय समय भित्र कार्यालयबाट तयार गरिएको गोप्य सिलबन्दी टेण्डर फारम खरिद गरी रितपूर्वक भरी ३१ औं दिनको १२ बजे भित्र कार्यालयमा दर्ता गर्न आह्वान गरिन्छ । अनुमानित लागत रकम भ्याट बाहेक रु. १५,२०,८८२.६ (अक्षरुपी सोह्रलाख बाउन्न हजार अठ्ठाउन्न रुपैयाँ पच्चिस पैसा) मा रहेको छ । विस्तृत जानकारीको लागि कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्नु होला ।


# 'चुनौतीका बाबजुद सय दिन सफल'

**राजधानी समाचारदाता**
ललितपुर, ४ माघ

सूचना तथा सञ्चार प्रविधिमन्त्री शेरधन राई लेखे विभिन्न चुनौतीका बावजुद सरकारले सय दिन पूरा गरेको बताएका छन् ।

'एक दिनको अवधिमा विभिन्न समस्या हुँदाहुँदै पनि सरकारले केही महत्त्वपूर्ण उपलब्धिमुलक काम गरेको छ,' नेपाल टेलिकमको 'नयाँ सामाजिक सञ्जालका रूपमा मिट' को सोमबार आयोजित शुभारम्भ कार्यक्रममा उनले भने, 'विभिन्न संबाद र कूटनीतिक प्रयासका कारण छिमेकीसंगको चिसो पना हटाउने काम भएको छ ।'

सही ढंगबाट मुलुकलाई निकास दिन केही अस्पष्टता, केही अन्योल छिमेकी मुलुकसंग रहेको उल्लेख गर्दै मन्त्री राईले कूटनीतिक तवरबाट संबाद भएको बताए। 'मुलुक निकासतिर लागिरहँदा भारतले पनि सकारात्मक सन्देश दिइरहेको छ,' उनले भने, 'मधेसी मोर्चासंगको छलफल अन्तिम र निर्णायक मोडमा पुगेको छ, मुलुकले निकास पाउनै लागेको छ ।'

भूकम्प प्रभावितका लागि पुनर्निर्माण कार्य सरकारको सय दिनकै अवधिमा भएको उनको कथन छ । 'चीनसंगको व्यापार पारवहन र दीर्घकालीन इन्धन छलफलले रामो सन्देश दिएको छ,' राईले थपे, 'जनचाहनाअनुरूपको संविधान स्थापित भइसकेपछि नयाँ-नयाँ ढंगबाट जनतालाई सेवा सुविधा दिनुपर्छ ।'

**कमजोरी सच्याउन सुझाव**

मन्त्री राईले नेपाल टेलिकमलाई आफ्ना कमीकमजोरी सच्याउन सुझाव पनि दिए । 'नेपाल टेलिकम सफल कम्पनी हो, यसमा सरकार र जनताको पनि लगानी छ,' उनले भने, 'तथापि, यसले दिएका केही सेवा व्यवस्थित रूपमा गुणस्तरीय हुन सकेका छैनन् ।' टेलिकममा रहेका गुणस्तरीयताको समस्या छिटोभन्दा छिटो हल गरी संसारमा भएका क्षमता बढाउने प्रविधि भित्र्याउनसमेत उनले सुझाव दिए । 'नयाँ-नयाँ प्रविधि देशका कुनाकाप्चामा पुऱ्याएर यसले सेवा विस्तार गर्नुपर्छ,' मन्त्री राईले भने, 'जनतालाई सेवा सुविधा दिन कन्जुस्याई गरिनुहुन ।'

टेलिकमका प्रबन्ध निर्देशक बुद्धिप्रसाद आचार्यले आफ्ना ग्राहकलाई नयाँ-नयाँ सेवा दिने क्रममा 'मिट सेवा' ल्याएको जानकारी दिए । 'अहिलेको जमाना सूचना प्रविधिको हो,' उनले भने, 'विभिन्न समस्या आइरहे पनि हामी सेवा दिन छाड्ने छैनौं ।'

नेपाल टेलिकमले नयाँ सामाजिक सञ्जालका रूपमा मिट सञ्चालनमा ल्याएको हो । यसको सहयोगले टेक्स्ट, फोटो, अडियो तथा भिडियोलाई एकअर्कामा साटासाट गर्न सकिन्छ । यो सेवाले कम्पनीका विभिन्न सेवाबारे ग्राहकसंग आवश्यक अन्तर्क्रियासमेत गर्न सक्ने जनाइएको छ ।

टेलिकमका वरिष्ठ इन्जिनियर प्रदीप खतिवडाका अनुसार सेवाग्राही र कम्पनीबिच सामाजिक सम्बन्ध विकास गराउने उद्देश्य लिइएको छ । डब्लुडब्लुडब्लु डट मिट डट नेट डट एनपी डोमेनका रूपमा दर्ता यो सेवा नेपाली भाषामा भने भेट टाइप गरेर जान सकिने टेलिकमले जनाएको छ ।

## कांग्रेस महाधिवेशन

# तेस्रो पटक जिल्ला सभापतिमा लड्न नपाउनेको छुट्टै भेला

**भुवन शर्मा/राजधानी**
काठमाडौं, ४ माघ

कांग्रेस जिल्ला अधिवेशनमा लगातार दुई पटक जिल्ला सभापति भइसकेर तेस्रो पटक सभापतिमा उम्मेदवारी दिन नपाउने पक्ष सामूहिक भेलासहित छुट्टै समूह बनाउने प्रयासमा लागेका छन् ।

बुधबार राजधानीमा छुट्टै भेला गर्न लागेका उनीहरूले कांग्रेसका ७५ ओटै जिल्ला सभापतिलाई बोलाएका छन् । जिल्लामा दुई पटक सभापति भइसकेका व्यक्तिले तेस्रो पटक उम्मेदवारी दिन नपाउने प्रावधान पार्टी विधानमा व्यवस्था गरिएको छ । यसअघि, जिल्ला सभापतिहरूले प्रावधानमा संशोधन गरी कांग्रेस र प्रजातान्त्रिक कांग्रेसविच एकता भइसकेपछिको अवधि मान्न नेतृत्व तहलाई दबाव दिँदै आएका थिए । अब भने सो व्यवस्थामा संशोधन गर्न उनीहरूले पार्टी नेतृत्वलाई दबाव नदिने भएका हुन् ।

सकेसम्म छुट्टै समूह बनाएर केन्द्रीय सदस्यमा उम्मेदवारी दिने तयारी उनीहरूको छ ।

'दुई पटक जिल्ला सभापति भइसकेको व्यक्तिले तेस्रो पटक दिन नपाउने व्यवस्थामा संशोधन गर्न माग गर्दैनौं, वरु सकेसम्म छुट्टै समूह बनाई सोझै केन्द्रीय सदस्यमा उम्मेदवारी दिने तयारी गर्दै छौं,' धादिङ जिल्ला सभापति रामनाथ अधिकारीले राजधानीसँग भने, 'यसका लागि बुधबार काठमाडौंमा जिल्लामा सभापतिको भेला बोलाएका छौं ।'

तेस्रो पटक उम्मेदवारी दिन नपाउने प्रावधानले १८ जिल्लाका सभापति प्रभावित भएका छन् । उनीहरूमा धादिङका अधिकारी, मोरङका अमृत अर्याल, काभ्रेका शिव हुमागाई, सिन्धुपाल्चोकका मोहनबहादुर बस्नेत, दार्चुलाका महादेव बडु र सुर्खेतका तप्तबहादुर बिष्ट छन् ।

यसैगरी, बाराका राधेचन्द्र यादव, बझाडका पृथ्वीबहादुर सिंह, कपिलवस्तुका सुरेन्द्र आचार्यलगायतका नेता तेस्रो पटक सभापति हुन नपाउने प्रावधानबाट प्रभावित हुने भएका छन् ।

'हामी ७५ ओटै जिल्ला सभापतिलाई सहयोग गर्न आह्वान गर्नेछौं, केन्द्रमा उम्मेदवारी दिन चाहनेलाई केन्द्रीय सदस्यमा उम्मेदवारी दिन आह्वान गर्नेछौं,' जिल्ला सभापति अधिकारीले भने ।

तेस्रो पटक उम्मेदवारी दिने नपाउने जिल्ला सभापतिमध्ये केही संस्थापन र केही बरिष्ठ नेता शेरबहादुर देउवा पक्षनिकट मानिन्छन् । जिल्लाका अन्य नेताले भने दुई पटक सभापति भइसकेको व्यक्ति तेस्रो पटक उम्मेदवारी दिन नपाउने प्रावधानलाई सकारात्मक मानेका छन् । प्रावधानमा संशोधन नहुने अडानसमेत उनीहरूले राख्दै आएका छन् ।

जिल्ला सभापति भेलामा आगामी महाधिवेशनबारे पनि छलफल केन्द्रित हुने बताइएको छ ।


**SAUDI ARABIA मा रोजगार**

१ कम्पनी : ZAKRIA SEAD MOHAMMED ALEITHAN EST. शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/०३ चलानी नं. : ७३२४ LT. No. 149972

| क्र.सं. | कामदारको पद | म्याद संख्या | मासिक तलब | | सेवासर्त | भोजन | उपहार | प्रतिदिन काम | उपलब्ध काम | बार्षिक | खाने | बस्ने | कराए |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | SAR | नेपाली रु. | नुरुल दोगाह | मुफ्त | मुफ्त | सर्ते घण्टा | सर्ते दिन | बिदा | मुफ्त | मुफ्त | अपाई |
| 1 | Steel Fixer | 03 | 1200 | 33,600 | कामबाट आएको मिति | कम्पनीलाई | ८ घण्टा | ६ दिन | कम्पनी | छ | छ | ३ |
| 2 | Mason | 01 | 900 | 25,200 | | | | | | | | |
| 3 | Building Cleaner | 01 | 900 | 25,200 | | | | | | | | |
| 4 | GENERAL ELECTRICIAN | 01 | 1200 | 33,600 | | | | | | | | |

| स्वदेशमा गरिने भिजिटिङ भिसा बापत | रोजगारदाताले कम्पनीले भिजिटिङ भिसा दिने भिसा | स्वदेशमा गरिने भिसा खर्च बापत | रोजगारदाता कम्पनीले भिसा खर्च बापत | हवाई टिकट बापत | भिसा शुल्क बापत | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामबाट आएपछि | दिने | कामबाट आएपछि | हुने रोजगारदाता कम्पनीलाई | निःशुल्क | निःशुल्क | १०००० |

यस प्रा.लि.को Demand तथा अन्य जानकारी SMS मार्फत लिनको लागि तलको जानकारी पढ्नुहोस् To receive contact details of raj overseas: type Raj or Rajinfo. DUBAI DEMAND- Type Rajuae, QATAR DEMAND- Rajqatar, MALAYSIA DEMAND- Type Rajmalaysia, SAUDI DEMAND-type rajksa, BAHARAIN DEMAND- -Type Rajbaharain & send it to 4555 or 4455

विदेशिन रोजगार विभागबाट मान्यताको जानकारी :- १. कामदार नखस्ने जिल्ला प्रशन अद्यावत गरिनेगरी आगामी माघ कामदारी गई रहन मुआवुज हाँस । मुआवजा नबढाको बीमा अनिवार्य गिराइनेछ । २. आगु काम गर्न जाने कुशलता गरेको तेस्तो कुशलिमा निकोसंगको कामको उपयोग र भोग नभएमात्र कामका लाइसेन्स । आगु कोटिएमुक्त पर्दा कामको गर्न सकिनेमा हुन्छ । ३. यस विज्ञापन नुनाएका उपलब्धताको कामको यही रहन कर्मिलाई गरिएछन । ४. विदेश जाने अघि अनिवार्यरूपमा यस हुनुपर्छन नलिन अनिवार्य गिराइनेछ । ५. विदेश जानुअघि आगुको मुद्दा, काम लिने कम्पनी, बाटाले गरेका, सुविधा र अन्य कानुनी राष्ट्रीयताले कम्पनीलाइ हस्तान्तरण गर्नुपर्छन । सोधेको १ तपाः फोन आएमात्र गर्नुपर्छन । ६. कामका विदेश जाँच गेरुकनी दुवैतर्फ प्रयोग गर्नुपर्छन । कामका प्रोसेस कामकाजमा हुन्छ । ७. यस विज्ञापन कामकाजमा जो कोही मुआवुएको यस गरेर गोरखा प्रकृत विदेश, कानिकामका कामको गर्नुपर्छन ।

**Raj Overseas Pvt. Ltd.**
P.O.Box: 9112 | Minbhawan, Kathmandu, Nepal.
Tel: 977 (1) 4106538, 4106559, 4106788 | Fax: 977 (1) 4106813
E-mail: info@rajoverseas.com | Web: www.rajoverseas.com
Govt. Lic. No.: 91/053/054
9852021228 (Sunsari), 984727352 (Butwal), 9858024241 (Nepalganj), 9851001783 (Nuwakot), 9841473716 (Chitwan), 9842622686 (damak), 9819625288 (Lalbandi, Sarlahi), 9841203929 (Urlabari, Morang), 9858421635 (Dhangadi, Kailali)



**कतारमा रोजगारीको अवसर**

1) Company: NEWREST GULF
पूर्व स्वीकृती मिति : 2072/10/04 LT 150389 चलानी नं : 7802

| क्र. सं. | कामदारको पद | म्याद संख्या | मासिक तलब QR | मासिक तलब नेपाली रु. | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter | 50 | 1100 | ३०,८०० | स. कामका दश | क. दि. अनुसार | ८ घण्टा | ६ दिन | २ वर्ष |
| 2. | Waiter | 75 | 1400 | ३९,२०० | | | | | |
| 3. | Butcher | 75 | 1400 | ३९,२०० | | | | | |
| 4. | Driver | 40 | 1400 | | | | | | |
| 5. | Labourer | 100 | 900 | २५,२०० | | | | | |
| 6. | Cooker | 100 | 1500 | ४२,००० | | | | | |
| 7. | Baker | 70 | 1400 | ३९,२०० | | | | | |
| 8. | Laundry Steward | 50 | 1400 | ३९,२०० | | | | | |
| 9. | Packing Worker | 50 | 900 | २५,२०० | | | | | |
| 10. | Kitchen Steward | 50 | 1400 | ३९,२०० | | | | | |
| 11. | Asst. Cook | 100 | 1400 | ३९,२०० | | | | | |
| 12. | Fitter | 100 | 1400 | ३९,२०० | | | | | |
| 13. | Housesekeeping Steward (Room Boy) | 50 | 1400 | ३९,२०० | | | | | |

| स्वदेशमा गरिने भिजिटिङ भिसा बापत | रोजगारदाताले कम्पनीले भिजिटिङ भिसा दिने भिसा | स्वदेशमा गरिने भिसा खर्च बापत | रोजगारदाता कम्पनीले भिसा खर्च बापत | हवाई टिकट बापत | भिसा शुल्क बापत | सेवा शुल्क | अन्य खर्च |
|---|---|---|---|---|---|---|---|
| कामबाट स्वदेश | दिने | कामबाट आएपछि | हुने रोजगारदाता कम्पनीलाई | फ्रि | फ्रि | रु.१०,००० | रु.१०,००० |

**प्यारादाईज इन्टरनेशनल प्रा. लि.**
बखुन्डोल, ललितपुर (सबाइ हस्पिटलबाट भित्र, नर्वे एम्बेसीसँगै)
Lic No.: 187/057/058
सम्पर्क: 5534042, 5522063, 5533435, 9851069911, 9851138946, 9851061717



**मलेशियामा रोजगार**

१. कम्पनी : UNIMEXCO INDUSTRIES SDN. BHD. शहर : Perak
पूर्व स्वीकृत मिति : २०७२/१०/०३ चलानी नं. : ७३१ LT. No. 150486

| क्र.सं. | कामदारको पद | म्याद संख्या | मासिक तलब | | सेवासर्त | भोजन | उपहार | प्रतिदिन काम | उपलब्ध काम | बार्षिक | खाने | बस्ने | कराए |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | RM | नेपाली रु. | नुरुल दोगाह | मुफ्त | मुफ्त | सर्ते घण्टा | सर्ते दिन | बिदा | मुफ्त | मुफ्त | अपाई |
| 1 | Factory Worker | 07 | 900 | 22,500 | कामबाट आएको मिति | कम्पनीलाई | ८ घण्टा | ६ दिन | कम्पनी | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने भिजिटिङ भिसा बापत | रोजगारदाता कम्पनीले भिजिटिङ भिसा दिने भिसा | स्वदेशमा गरिने भिसा खर्च बापत | रोजगारदाता कम्पनीले भिसा खर्च बापत | हवाई टिकट बापत | भिसा शुल्क बापत | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामबाट आएपछि | दिने | कामबाट आएपछि | हुने रोजगारदाता कम्पनीलाई | निःशुल्क | निःशुल्क | १०००० |

- छलीट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषाबापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ ।

विदेशिन रोजगार विभागबाट मान्यताको जानकारी :- १. कामदारको नखस्ने जिल्ला प्रशन अद्यावत गरिनेगरी आगामी माघ कामदारी गई रहन मुआवुज हाँस । मुआवजा नबढाको बीमा अनिवार्य गिराइनेछ । २. आगु काम गर्न जाने कुशलता गरेको तेस्तो कुशलिमा निकोसंगको कामको उपयोग र भोग नभएमात्र कामका लाइसेन्स । आगु कोटिएमुक्त पर्दा कामको गर्न सकिनेमा हुन्छ । ३. यस विज्ञापन नुनाएका उपलब्धताको कामको यही रहन कर्मिलाई गरिएछन । ४. विदेश जाने अघि अनिवार्यरूपमा यस हुनुपर्छन नलिन अनिवार्य गिराइनेछ । ५. विदेश जानुअघि आगुको मुद्दा, काम लिने कम्पनी, बाटाले गरेका, सुविधा र अन्य कानुनी राष्ट्रीयताले कम्पनीलाइ हस्तान्तरण गर्नुपर्छन । सोधेको १ तपाः फोन आएमात्र गर्नुपर्छन । ६. कामका विदेश जाँच गेरुकनी दुवैतर्फ प्रयोग गर्नुपर्छन । कामका प्रोसेस कामकाजमा हुन्छ । ७. यस विज्ञापन कामकाजमा जो कोही मुआवुएको यस गरेर गोरखा प्रकृत विदेश, कानिकामका कामको गर्नुपर्छन ।

**Relation Employment Service Pvt. Ltd.**
Basundhara, Kathmandu, P.O.Box: 111
Tel: +977-1-4359803 (O), Fax: +977-1-4360094
Govt. Lic No: 906/067/068



**मलेशियामा रोजगार**

१ कम्पनी : EXPRESS AUDIO INDUSTRY SDN BHD शहर : Kedah
पूर्व स्वीकृत मिति : २०७२/९/२८ चलानी नं. : ७१२८ LT. No. 149847

| क्र.सं. | कामदारको पद | म्याद संख्या | मासिक तलब | | सेवासर्त | भोजन | उपहार | प्रतिदिन काम | उपलब्ध काम | बार्षिक | खाने | बस्ने | कराए |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | RM | नेपाली रु. | नुरुल दोगाह | मुफ्त | मुफ्त | सर्ते घण्टा | सर्ते दिन | बिदा | मुफ्त | मुफ्त | अपाई |
| 1 | Factory Worker | 01 | 900 | 22,500 | कामबाट आएको मिति | कम्पनीलाई | ८ घण्टा | ६ दिन | कम्पनी | छैन | छ | ३ |

| स्वदेशमा गरिने भिजिटिङ भिसा बापत | रोजगारदाता कम्पनीले भिजिटिङ भिसा दिने भिसा | स्वदेशमा गरिने भिसा खर्च बापत | रोजगारदाता कम्पनीले भिसा खर्च बापत | हवाई टिकट बापत | भिसा शुल्क बापत | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामबाट आएपछि | दिने | कामबाट आएपछि | हुने रोजगारदाता कम्पनीलाई | निःशुल्क | निःशुल्क | १०००० |

- छलीट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषाबापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ ।

विदेशिन रोजगार विभागबाट मान्यताको जानकारी :- १. कामदारको नखस्ने जिल्ला प्रशन अद्यावत गरिनेगरी आगामी माघ कामदारी गई रहन मुआवुज हाँस । मुआवजा नबढाको बीमा अनिवार्य गिराइनेछ । २. आगु काम गर्न जाने कुशलता गरेको तेस्तो कुशलिमा निकोसंगको कामको उपयोग र भोग नभएमात्र कामका लाइसेन्स । आगु कोटिएमुक्त पर्दा कामको गर्न सकिनेमा हुन्छ । ३. यस विज्ञापन नुनाएका उपलब्धताको कामको यही रहन कर्मिलाई गरिएछन । ४. विदेश जाने अघि अनिवार्यरूपमा यस हुनुपर्छन नलिन अनिवार्य गिराइनेछ । ५. विदेश जानुअघि आगुको मुद्दा, काम लिने कम्पनी, बाटाले गरेका, सुविधा र अन्य कानुनी राष्ट्रीयताले कम्पनीलाइ हस्तान्तरण गर्नुपर्छन । सोधेको १ तपाः फोन आएमात्र गर्नुपर्छन । ६. कामका विदेश जाँच गेरुकनी दुवैतर्फ प्रयोग गर्नुपर्छन । कामका प्रोसेस कामकाजमा हुन्छ । ७. यस विज्ञापन कामकाजमा जो कोही मुआवुएको यस गरेर गोरखा प्रकृत विदेश, कानिकामका कामको गर्नुपर्छन ।

**MONTAGE OVERSEAS (P.) LTD.**
Sinamangal-9, Kathmandu, Nepal, P.O. Box : No. 2349,
Tel : +977-1-4110744, 4110605, 4110537, 4110755,
Cell : 9841892804, 9801177733, ITHAR:- BIKRAM- 9808834335
JHAPA:- MUKESH-9649121470,DANG:- SHANKAR BOHARA:-9857831118
ITHAR:- RAJESH:-9852676056
Email : montage_krishna@yahoo.com, Web : www.montageoverseas.com
License No: 798/055/066



**कतारमा रोजगार**

१. कम्पनी: CONSERVO FACILITY MANAGEMENT CO WLL शहर : Doha
पूर्व स्वीकृत मिति २०७५/१०/०३ चलानी नं. : ७६९९ LT. No. 150300

| क्र.सं. | कामदारको पद | म्याद संख्या | मासिक तलब | | सेवासर्त | भोजन | उपहार | प्रतिदिन काम | उपलब्ध काम | बार्षिक | खाने | बस्ने | कराए |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | QR | नेपाली रु. | नुरुल दोगाह | मुफ्त | मुफ्त | सर्ते घण्टा | सर्ते दिन | बिदा | मुफ्त | मुफ्त | अपाई |
| 1 | Driver | 03 | 1400 | 40,600 | कामबाट आएको मिति | कम्पनीलाई | ८ घण्टा | ६ दिन | कम्पनी | छ | छ | ३ |
| 2 | Gen Supervisor | 02 | 2500 | 72,500 | | | | | | | | |
| 3 | Gen Clean Worker | 16 | 900 | 26,100 | | | | | | | | |

| स्वदेशमा गरिने भिजिटिङ भिसा बापत | रोजगारदाता कम्पनीले भिजिटिङ भिसा दिने भिसा | स्वदेशमा गरिने भिसा खर्च बापत | रोजगारदाता कम्पनीले भिसा खर्च बापत | हवाई टिकट बापत | भिसा शुल्क बापत | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामबाट आएपछि | दिने | कामबाट आएपछि | हुने रोजगारदाता कम्पनीलाई | निःशुल्क | निःशुल्क | [illegible] |

विदेशिन रोजगार विभागबाट मान्यताको जानकारी :- १. कामदारको नखस्ने जिल्ला प्रशन अद्यावत गरिनेगरी आगामी माघ कामदारी गई रहन मुआवुज हाँस । मुआवजा नबढाको बीमा अनिवार्य गिराइनेछ । २. आगु काम गर्न जाने कुशलता गरेको तेस्तो कुशलिमा निकोसंगको कामको उपयोग र भोग नभएमात्र कामका लाइसेन्स । आगु कोटिएमुक्त पर्दा कामको गर्न सकिनेमा हुन्छ । ३. यस विज्ञापन नुनाएका उपलब्धताको कामको यही रहन कर्मिलाई गरिएछन । ४. विदेश जाने अघि अनिवार्यरूपमा यस हुनुपर्छन नलिन अनिवार्य गिराइनेछ । ५. विदेश जानुअघि आगुको मुद्दा, काम लिने कम्पनी, बाटाले गरेका, सुविधा र अन्य कानुनी राष्ट्रीयताले कम्पनीलाइ हस्तान्तरण गर्नुपर्छन । सोधेको १ तपाः फोन आएमात्र गर्नुपर्छन । ६. कामका विदेश जाँच गेरुकनी दुवै

## छोटकरी

### तोडफोड गर्ने १० विरुद्ध मुद्दा

**जनकपुरधाम/रास-** विवाहपञ्चमी महोत्सवको अवसरमा जनकपुरको जानकी मन्दिरमा भएको तोडफोडमा संलग्न १० जनाविरुद्ध प्रहरीले जिल्ला अदालतमा मुद्दा दायर गरेको छ।

मुद्दा दायर गरिएकामा जनकपुर उपमहानगरपालिका-४ बस्ने ४० वर्षीया शीला देवी, धनुषाधाम नगरपालिका-६ बस्ने २० वर्षीय अशोककुमार प्रसैला, धनुषाको बेलापट्टीकी ३५ वर्षीया विमला साह, रमदैया भवाडी-४ बस्ने विवेकचन्द्र अधिकारी, जनकपुर उपमहानगरपालिका-४ बस्ने ३५ वर्षीय सुशील कर्ण, महोत्तरीको महदैया रमदैया तपनपुर-१ बस्ने ३४ वर्षीय नवीन यादव, जनकपुर-६ बस्ने डाक्टर भनिने रामचन्द्र चौधरी, सोही बडाका सरिता देवी, र ४२ वर्षीय रामजी राय, सीता चौधरी रहेका छन्।

यसमध्ये रामजी राय तराई मधेस लोकतान्त्रिक पार्टीका केन्द्रीय सदस्य तथा डाक्टर भनिने रामचन्द्र चौधरी सद्भावना पार्टी धनुषाका उपाध्यक्ष हुन्। राष्ट्रपति विद्या भण्डारी मन्दिरमा पूजा गरी फर्केलगतै तोडफोड भएको थियो। उनीहरू जानकी मन्दिरको गर्भगृहमा कालो झन्डा र डुंगामुढा लिई प्रवेश गरेका थिए।

### नारायणगढ-मुग्लिन सडक दुई घन्टा बन्द

**रत्ननगर (चितवन)/रासस-** नारायणगढ-मुग्लिन सडक चौडा पार्ने कार्य जारी रहेकाले ट्राफिक व्यवस्थापनका लागि दिउंसोको समयमा दैनिक दुई घन्टा आवतजावत बन्द गर्न थालिएको छ।

चितवनका प्रजिअ विनोदप्रकाश सिंहले बिहान ११ बजेदेखि ३ बजेसम्मको समयमा बढीमा दैनिक दुई घन्टा आवतजावत बन्द गरेर सडक निर्माण गर्न भनिएको बताए। नियमित काम गर्दा ट्राफिक व्यवस्थापन नराम्ररी प्रभावित भएकाले निश्चित समय तोकेर आवतजावत बन्द गर्न भनिएको प्रशासनले जनाएको छ।

आयोजनाले सार्वजनिक सूचना नै जारी गरेर चार दिनदेखि दिउंसोको समयमा दैनिक दुई घन्टा आवतजावत बन्द गरेको जनाएको छ।

यसअघि जथाभावी निर्माण कार्य सुरु गर्दा सवारी आवागमन दिनभरजसो नै प्रभावित भएको र एम्बुलेन्ससमेत जान मुस्किल भएको गुनासो आएपछि स्थानीय प्रशासनसँगको छलफलपछि बढीमा दुई घन्टा सडक बन्द गरेर काम गर्न थालिएको हो। सो सडकको करिब ३६ किलोमिटर क्षेत्रको विभिन्न स्थानमा अहिले सडक चौडा बनाउने काम चलिरहेको छ।

### महामन्त्रीमा उम्मेदवारी दिन्छु : थापा

**प्युठान/रास-** नेपाली कांग्रेसका युवा नेता गगन थापाले १३औं महाधिवेशनमा महामन्त्रीमा उम्मेदवारी दिने बताएका छन्। सोमवार प्युठानमा सञ्चारकर्मीसंग उनले पुराना पुस्ताका नेताको नेतृत्वमा युवालाई निर्णायक तहमा प्रतिनिधित्व गराउन आफ्नो उम्मेदवारी रहने स्पष्ट पारे। 'पुराना नेताहरूले अभिभावकको भूमिका खेल्नुपर्छ,' उनले भने, 'कांग्रेस पार्टीको भूमिका र आगामी कार्यभार पुरा गर्न युवा नेतृत्व आवश्यक छ।' पार्टी गतिविधिका जस-अपजसको भागिदारीसहित युवा नेतृत्व आवश्यक रहेको उनले दावी गरे। महाधिवेशनले तय गर्ने कार्यनीतिका आधारमा मात्र अब कांग्रेस चल्न नसक्ने भन्दै नेता थापाले नेतृत्वकर्तासंग अबको पार्टी सञ्चालन तथा व्यवस्थापनको नयाँ सोचसहित ठोस योजना आवश्यक रहेको उल्लेख गरे।

### चन्दा नदिएपछि बम प्रहार

**राजबिराज/रास-** १० लाख रुपैयां चन्दा नदिएको निहुंमा एक भूमिगत संगठनका प्रमुखले एक सर्वसाधारणको घरमा बम बिस्फोट गराएका छन्।

सप्तरी कचनरूप नगरपालिका-१ बरमझिया चौक बस्ने उपेन्द्रप्रसाद साहको घरमा आइतबार मध्यराति बम प्रहार गरिएको हो। यद्यपि, बम प्रहारबाट घरको बरन्डाको उत्तरतर्फको पिलरमा समान्य मात्र क्षति भएको छ।

स्वास्थ्य सेवा क्षेत्रमा कार्यरत साहको मोवाइलमा दुई दिनअघि भारतीय नम्बर ९७७१२९७४२ बाट भूमिगत संगठनको नेता भरत सिंह बताउने व्यक्तिले फोन गरी १० लाख रुपैयां चन्दा मागेका दिए।

उनले माग गरेअनुसारको रकम नदिए घरमा बम प्रहार गरी सिंगो परिवारको ज्यान लिने धम्की पनि दिएका थिए।

साहले १० लाख रुपैयां चन्दा दिने हैसियत नभएको भन्दै फोन काटेको बताए।

---

सूचना आयोगद्वारा प्रगति विवरण सार्वजनिक

# लोकतन्त्रका लागि सूचनाको हक महत्त्वपूर्ण : प्रधानमन्त्री

**राजधानी समाचारदाता**
काठमाडौं, ४ माघ

राष्ट्रिय सूचना आयोगले एक वर्षभित्र गरेका ३१बुंदे प्रगति विवरण सार्वजनिक गरेको छ। आयोगले सोमवार प्रधानमन्त्री केपी शर्मा ओलीलाई सो प्रगतिविवरण बुझाएको हो।

सो क्रममा प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटाले ३० पुस २०७१ मा प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूले पदवहाली गरेपछि ३१ ओटा प्रगति गरेको प्रधानमन्त्रीलाई जानकारी दिए। कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले सूचनाको हकको सही सदुयोग हुनुपर्ने बताए। 'सूचना माग्ने नाममा यसको दुरुपयोगको सम्भावना देखिन्छ, सूचनाको हकको कानुन कार्यान्वन परिणाम देखिने गरी हुनुपर्छ,' उनले भने, 'के- के बारे सूचना प्राप्ति गर्ने हो, त्यसबारे स्पष्ट हुनुपर्छ।' प्रधानमन्त्री ओलीले खर्दिलो लोकतन्त्रका लागि सूचनाको हक महत्त्वपूर्ण हुने बताएका छन्। सूचनाको हकको उपयोग गर्दा जनतालाई अधिकार सम्पन्न गर्ने, सामाजिक सुव्यवस्था र सुशासन खलवलाउनु नहुने सो क्रममा प्रधानमन्त्री ओलीले बताए।

प्रमुख आयुक्त बाँस्कोटाले आयोगले ३१ मन्त्रालयविच सूचनाको अधिकार (आरटीआई) बजेट र अडिट प्रतियोगिता गर्ने जानकारी दिए। एक वर्षको अवधिमा आयोगले ९ सय ४ ओटा आदेश जारी गरेको उल्लेख गर्दै प्रमुख आयुक्त बाँस्कोटाले विभिन्न सातओटा कार्यालयमा अनलाइन सूचना माग्ने र पाउने प्रणाली प्रयोगमा ल्याएको जानकारी दिए।

कार्यक्रममा आयोगले सन् २०१६ देखि २०२० को पांचवर्से रणनीति तयार गरिरहनुका साथै आयोगले दक्षिण एसियाली मुलुकको सूचना आयोगमा कार्यरत आयक्तहरूको काठमाडौं सम्मेलन गर्ने तथा नेपाल र बंगलादेशको आयोगविच सहयोगको आदन-प्रदानको समझदारी गर्ने प्रकिया अघि बढाएको जानकारी दिइएको थियो। त्यसैगरी, नेपाल खुला सरकारको अवधारणा साझेदारीको सदस्यबारे अध्ययन भइरहेको पनि प्रतिवेदनमा सार्वजनिक गरिएको छ।

एक वर्षको अवधिमा ३३ ओटा बैठक बसी आयोगको बैठक व्यवस्थापन सम्बन्धी कार्यविधि, आयोगमा कार्यरत कर्मचारीको आचार संहिता, स्वतः प्रकाशन गर्ने निर्देशिका र आयोगको विज्ञको सूची तयार गर्ने कार्यविधिलगायत पारित भएको उल्लेख गर्दै आयोगले आयोगले निर्वाचन आयोगमा दर्ता भएका १ सय ८० ओटा राजनीतिक दलका प्रमुखको नाममा तिन/तिन महिनामा विवरण सार्वजननिक गर्न, सूचना अधिकारी तोक्न र सूचना प्रवाहको छुट्टै अभिलेख राख्ने गरी तिनबुंदे आदेश गरेको जनाएको छ।

---

# एमालेले दलको विधान संशोधन गर्ने

## पाँच सदस्यीय कार्यदल गठन

**राजधानी समाचारदाता**
काठमाडौं, ४ माघ

सत्तारुढ एमालेले संसदीय दलको विधान संशोधन गर्ने भएको छ। प्रधानमन्त्री निवास बालुवाटारमा सोमवार बसेको संसदीय दलको बैठकले दलको विधान संशोधन गर्ने निर्णय गरेको हो।

बैठकले विधान संशोधनका लागि पांच सदस्यीय कार्यदल गठन गरेको छ। कार्यदलको संयोजकमा दलका प्रमुख सचेतक भानुभक्त ढकाल तथा सदस्यमा सचेतक गोकुल घर्तीमगर, डा. बशिधर मिश्र, शिवकुमारी गोतामे र अनारकली मियाँ छन्। बैठकले कार्यदललाई आगामी सातामित्र विधान संशोधनको मस्यौदा पेस गर्न 'म्याण्डेट' दिएको छ। विगतमा संविधानसभा अनुकूल विधान रहेकाले परिवर्तित परिस्थितिमा व्यवस्थापिका संसद् अनुकूल हुनेगरी संशोधनका लागि बैठकले कार्यदल बनाएको एमाले सभासद् तथा पार्टी केन्द्रीय सदस्य पार्वत गुरुङले जानकारी दिए। 'हिजो संविधानसभा अनुकूलको दलको विधान थियो तर आज त्यो अवस्था रहेन, त्यसैले व्यवस्थापिका संसद् अनुकूल हुनेगरी परिमार्जन गर्न दलको विधान संशोधन कार्यदल बनाइएको हो,' गुरुङले राजधानीसँग भने। बैठकले संसदीय बोर्ड गठनसम्बन्धी गृहकार्य गर्ने जिम्मेबारी पनि प्रमुख सचेतक ढकाललाई नै दिएको छ।

बैठकमा प्रधानमन्त्री केपी शर्मा ओली, वरिष्ठ नेताद्वय झलनाथ खनाल र माधव नेपालले संक्षिप्त धारणा राखेका थिए। त्यस्तै, उपाध्यक्ष तथा उपप्रधानमन्त्री भीम रावलले प्रमुख तिन दल र आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाविच भइरहेको वार्तावारे संक्षिप्त 'ब्रिफिङ' गरेका थिए। मोर्चासंगको वार्ताका लागि शीर्ष बैठक आयोजना गरिएको भन्दै अर्को बैठकमा मात्रै सभासद्हरूले धारणा राख्ने गरी दलको बैठक स्थगित भएको थियो।

### न्यानो कपडा वितरण

**लमजुङ/रास-** चिसो भुंडैमै पद्दन बाध्य चिती-४, तिनपिप्लेको दलित बस्तीका बालबालिकालाई लायन्स क्लब अफ काठमाडौंले न्यानो कपडा वितरण गरेको छ। विद्यालयमै न्यानो कपडा पाएपछि बालबालिका खुसी भएका छन्। दलित बस्तीस्थित जनसेवा प्राथमिक विद्यालयका बालबालिकालाई लायन्स क्लब अफ काठमाडौं कलकी सेन्ट्रल भ्यालीले सहयोग गरेको हो।

यस विद्यालयमा पढ्ने २२ जना विद्यार्थीलाई लायन्सले न्यानो कार्यक्रम अन्तर्गत स्विटर, विद्यालय ड्रेस, म्याट्रेस र स्टेसनरी वितरण गरेको छ।

---

# सीमांकन नसच्याएसम्म वार्ता सार्थक हुन्न : यादव

**राजधानी संवाददाता**
मोरङ, ४ माघ

संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवले प्रदेश सीमांकन नसच्याएसम्म सरकारसँगको वार्ता सार्थक नहुने बताएका छन्। सरकारले अन्तर्राष्ट्रिय जगत्लाई भ्रम फैलाउनकै लागि वार्ताको हल्ला फिजाउने र जनतालाई झुक्याउने काम गरिरहेको टिप्पणी गर्दै उनले वार्तावाट उल्लेख्य प्रगति नभएको बताए।

'२७ पटकभन्दा बढी वार्ता भइसके, आजसम्म कुनै निष्कर्ष निस्केको छैन,' अध्यक्ष यादवले भने, 'राज्य पुनःसंरचना नसच्याएसम्म वार्ता सार्थक हुनेवाला छैन।'

सोमवार बिराटनगरमा संघीय समाजवादी फोरम मोरङले आयोजना गरेको एक कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले सीमांकन सच्याएर प्रदेशको अधिकार नतोकेसम्म आन्दोलन निरन्तर रहने बताए। उनले भने, 'राज्य पुनःसंरचना नसच्याएसम्म हाम्रो आन्दोलनको स्वरूप बदलिन सक्छ, तर आन्दोलन निरन्तर रहन्छ।' उनले आन्दोलनको स्वरूप बदलिएर मधेसमा मात्रै नभई हिमाल र पहाडका समेत जनता काठमाडौं पुगेर सिंहदरबारका एक एक इंटा लैजाने बताए।

संशोधन प्रस्ताव झुक्याउनकै लागि ल्याएको आरोप लगाउँदै अध्यक्ष यादवले भने, 'अब उधारोमा कुनै सम्झौता हुँदैन, संविधान संशोधन गरेर सिधै जाऊ, किस्ता प्रणालीमा समस्याको हल हुँदैन।' उनले तराईबाट उठेको आन्दोलनले राष्ट्रव्यापी असर पार्ने भन्दै चाँडो सम्बोधन नगरे भयंकर ठुलो विद्रोह हुने बताए।

उनले समयमै राज्यले निकास नदिए क्षेत्रीय, जातीय युद्ध हुनेसमेत बताए। 'यदि राज्यले शान्ति चाहन्छ भने आफूले गरेको गल्ती आफैं सच्याउनुपर्छ,' उनले भने, 'संविधानमा गरिएका गल्ती सच्याउनुपर्छ, प्रादेशिक संरचनाको बाँडफाँट उचित ढंगले हुनुपर्छ।' उनले राज्य पुनःसंरचनाको आधार बिगतमा भएका सम्झौता, राज्य पुनःसंरचना आयोगले दिएको प्रतिवेदनको आधारमा हुनुपर्नेमा समेत जोड दिए।

कार्यक्रममा संघीय समाजवादी फोरमका केन्द्रीय सदस्यहरू रामप्रसाद रिजाल, लोकसागर साँवा, सञ्जय सिंहलगायतका नेता कार्यकर्ताले बोलेका थिए।

---


Government of Nepal
Ministry of Federal Affairs and Local Development
Office of District Development Committee
**District Technical Office**
**Project for Strengthening the National Rural Transport Program (SNRTP)**
Palpa, District

**Invitation for Bids**

First Date of publication: 19th January, 2016

Contract Identification No: SNRTP-PAL-W-NCB-17.02-UG-071-072
Name of the Development Partner: IDA
Credit/Grant No H5336-NP/H899-NP

1. The Government of Nepal [GoN] has received a credit/grant from International Development Association (IDA) towards the cost of Project for Strengthening the National Rural Transport Program (SNRTP) and intends to apply part of the funds to cover eligible payments under the Contract for upgrading of Chilangdi-Chhapani-Ramdi Rural Road, contract identification No.: SNRTP-PAL-W-NCB-17.04-UG-070-71.
2. Bidding will be conducted through the National Competitive Bidding (NCB) procedures specified in the World Bank's Guidelines; Procurement under IBRD Loans and IDA Credits, January 2011 and is open to all bidders from Eligible Source Countries as defined in the Bidding Documents.
3. District Technical Office, Palpa, Project for Strengthening the National Rural Transport Program on behalf of Ministry of Federal Affairs and Local Development, Office of District Development Committee, invites sealed bids or electronic bids from eligible bidders for the ***Upgrading of roads, drainage, and off-road structures of*** Chilangdi-Chhapani-Ramdi Rural Road, Ch.3+000 to Ch. 11+000,with contract details as follows:

| Package No. | Contract ID.No. | Road Name | Cost of Bid Document | Bid Validity Period | Bid Security Amount & Validity Period |
|---|---|---|---|---|---|
| 1 | SNRTP-PAL-W-NCB-17.04-UG-071-072 | Chilangdi-Chhapani-Ramdi Rural Road | NRs.5,000 | 90 days | Nrs.1,948,000.00 & Validity period 120 days |

4. To qualify for award of contract, eligible Bidders must meet the following key qualifications:

| Package No. | Contract ID.No. | Road Name | Minimum Average Annual Turnover | Minimum Work experience of similar size and nature |
|---|---|---|---|---|
| 1 | SNRTP-PAL-W-NCB-17.04-UG-071-072 | Chilangdi-Chhapani-Ramdi Rural Road | of the best three (3) years within the last five (5) years is NRs. 93,500,000.00 | Construction of two roads with Otta Seal or SBSD/DBSD or any bituminous road surface works of at least 32,000 sq. m. pavement area in each value not less than NRS. 62,321,000.00 Or; Construction of one road with Otta Seal or SBSD/DBSD or any bituminous road surface works of at least 64,000 sq. m. pavement area value not less than NRS. 124,642,000.00 |

5. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of District Technical Office, Palpa or may visit PPMO website www.bolpatra.gov.np.
6. A complete set of Bidding Documents may be purchased from the District Technical office (DTO) and District treasury Comptroller Office (DTCO), Palpa by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable cost as given in the above table on or before 17:00 hrs till 17th February, 2016.

Or

Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may down load the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Rastriya Banijya Bank, Tansen,Palpa
Name of Office: District Technical Office, Palpa — Office Code no. 40-365-03
Office Account no.: Ekal Dharauti Ac No 3030203000000 kha-3
Rajaswa (Revenue) Shirshak No. : 14227 — Rajaswa (revenue) Ac No: ka-1-1-001

7. Pre-bid meeting shall be held at District Technical office, Palpa at 13:00 hrs on 8th February, 2016.
8. Sealed or electronic bids must be submitted to the District Technical office, Palpa by hand or through PPMO website www.bolpatra.gov.np on or before 12:00 hrs on 18th February, 2016. Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs on 18th February, 2016 at the office of District Technical office, Palpa.
9. All bids shall be accompanied by a Bid Security for the amount and validity period as specified in the above table. Bidders are required to submit a separate bid security for each contract for which they submit the bids. The bid security guarantee shall conform to the standard format as specified in the bid document. The bid security guarantee issued only by commercial banks approved by Nepal Rastra Bank shall be accepted.
10. Bidders are required to specify the total price of the Bid in the Letter of Bid or the Bid Price in the Bill of Quantities. Failure to specify the total price of the Bid in the Letter of Bid or the Bill of Quantities shall be ground for declaring the bid non responsive.
11. If the last date of pre-bid meeting, purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**District Engineer**
**District Technical Office**


---


**Amendment in Invitation for Bid Notice**

Government of Nepal
Ministry of Federal Affairs and Local Development
Office of District Development Committee
District Technical Office
**Project for Strengthening the National Rural Transport Program (SNRTP)**
Saptari District

**First Date of Publication: 19th January 2016 (2072/10/05)**
Contract Identification no:- SNRTP-SAP-W-NCB-24.03-PM-070-71
Name of the Development Partner: International Development Association (IDA)
Loan/Credit/Grant No: Credit **No: 5336-NP**, Grant No: **H899-NP**
This is to notify to all the concern that this amendment notice has been published with reference to the notice published through National Nepali Daily Newspaper "Rajdhani Daily" on 21st December 2015 (B.S2072/09/06), Followings First amendment has taken place.
The time deadline for Bid purchase, Bid submission and Bid opening has been rescheduled as follows.

**Bid Purchase: -** 3rd February 2016 (2072/10/20) till office hour
**Bid Submission: -** 4th February 2016 (2072/10/21) till 12:00 hour
**Bid Opening: -** 4th February 2016 (2072/10/21) at 13:00 hour

**Chief District Engineer (DTO Chief)**
**District Technical Office**
**Saptari**

सम्पादकीय

# सरकारको सय दिन

एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन भएको सय दिन पुगेको छ। उनकै मन्त्रिमण्डलका मन्त्री तथा सरकारका प्रवक्ता शेरधन राईको भाषामा यी दिन अति सफल छन्। आमजनता के अनुभव गर्छन्, त्यो सरकारले पनि अनुभूति गरेको हुनुपर्छ। तर, जुन अपेक्षाका साथ ओली नेतृत्वको सरकार बन्यो, जनता त्यो अनुपातमा पक्कै सन्तुष्ट छैनन्। त्यति नै सन्तुष्टि गठबन्धभित्रै पनि छैन। मुख्य सहयात्री दल एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले सरकार सय दिन पुगदै गर्दा दिएको अभिव्यक्ति र एमालेकै कतिपय नेताको अभिव्यक्ति पनि सरकारले दाबी गरेजस्तो उत्साही देखिँदैन।

लोकतान्त्रिक सरकारको सय दिन नै अन्तिम मूल्यांकन गर्ने समय होइन। यो विपक्षीदेखि आलोचक हुँदै समर्थकसम्मका लागि पनि 'पर्ख र हेर' को समय हो। तर, ओली सरकारले यो छुट पाउँदैन। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लामो समयपछि संविधान निर्माणमार्फत त्यसलाई संस्थागत गरेपछिकोपहिलो प्रधानमन्त्री हुनुको नाताले ओली र उनको सरकारप्रति थुप्रै जिम्मेवारी छन्। अघिल्लै सरकारका पालामा सुरु भएको भारतको अघोषित नाकाबन्दी र संविधानप्रति असन्तुष्ट मधेस केन्द्रित दलको चार महिना कटिसकेको आन्दोलनको तार्किक अन्त्यमा यो सरकारको उत्तिकै भूमिका रहनुपर्छ। गत १२ वैशाखको विनाशकारी भूकम्प र त्यसले ल्याएको मानवीय र भौतिक क्षतिको व्यवस्थापन यो सरकारको महत्त्वपूर्ण कार्यक्षेत्र र कार्यभार हो/हुनुपर्छ। तर, के यो दिशामा सरकारको सय दिन हिँडेको छ ? काम गराइ र परिणाम त्यति आशावादी छैनन्, जति अपेक्षा गरिएको थियो। विगतका सरकारका नेतृत्वकर्ताका तुलनामा बढी वाकपट्टा भएका प्रधानमन्त्रीले अभिव्यक्ति र योजनाले सय दिन आशावादी देखाउन सक्छन्। तर, त्यो पर्याप्त होइन भन्ने बुझ्न र मनन गर्न सक्नुपर्छ।

भूकम्प, मधेस आन्दोलन र भारतको अघोषित नाकाबन्दीको तिनखम्बे संक्रमणबाट गुज्रिएको मुलुकलाई निकासको बाटोमा हिँडाउन ओली सरकारको यो प्रयत्न काफी छैन। संक्रमणकाल भएका नाताले पनि 'पर्ख र हेर'को गतिमा यो सरकार चल्न सक्दैन। न त संक्रमणकाल नाममा गठित ६ उपप्रधानमन्त्रीसहितको जम्बो मन्त्रिमण्डलको औचित्य नै पुष्टि गर्न सक्छ। पछिल्ला दिनमा इन्धनदेखि दैनिक उपभोग वस्तुसम्ममा भइरहेको कालोबजारीलाई घुमाउरो शैलीमा सरकारले नै संरक्षण गरेको छ। यसलाइ रोक्ने दिशामा पनि सरकार हिँडेको देखिँदैन। पदभार ग्रहणपछि भारतीय नाकाबन्दीलाई लिएर देशवासीका नाममा गरेको सम्बोधनमा प्रधानमन्त्रीले व्यक्त गरेका विचार, पुनर्निर्माण महाअभियानको थालनी, मधेसी दललाई 'मिलाउन' भएका प्रयास, सुशासनका लागि भएका झिनै भए पनि केही प्रयास यो सरकारका उपलब्धि हुन्। तर, राष्ट्रियताका नाममा वर्तमान संकटमा जनताले देखाएको धैर्यतामै यो सरकारले गर्व गर्न र जस लिन सक्दैन र हुँदैन पनि। समग्र आर्थिक वृद्धिदेखि लिएर जनजीविकाका सवालमा सरकारको सय दिन निराशाजनक देखिन्छ। व्यापत कालोबजारी नियन्त्रण गरी संविधानको सफल कार्यान्वयन प्रक्रिया, विकास निर्माणका भरपर्दा आधार निर्माण, भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूति मात्रै यो सरकारको सफलताको सूचक हो। त्यसैले ओली सरकारले यी कार्य गर्न अब साँच्चिकै नेतृत्व क्षमता देखाउने बेला भएको छ। यो आँट र प्रण आजका दिनमा प्रधानमन्त्रीले गरे मुलुक समृद्ध दिशामा अघि बढ्ने छ।

# संकट अन्त्यका लागि इमानदार र जिम्मेवार बन

■ श्रीकान्त रेग्मी

विनाशकारी भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण, विवादग्रस्त नयां संविधान, मधेस आन्दोलन, भारतीय नाकाबन्दी र इन्धनलगायत अत्यावश्यक वस्तुहरूको आपूर्तिमा असहजता नै केही समययतादेखि राष्ट्रिय राजनीतिक परिदृश्यमा सर्वाधिक चर्चामा रहेका विषय हुन्। विनाशकारी भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण कार्य वास्तवमा प्रारम्भ भइसकेकै छैन, तथापि, हल्ला भने शिखरैमै छ। जारी भएर कार्यान्वयनमा आउन नपउँदै संविधान संशोधन प्रक्रिया अगाडि बढिसकेको छ। संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको चित्त बुझ्ने गरी संविधान संशोधन भइसकेपछि मधेस आन्दोलनले तत्कालका लागि विश्राम लिने र त्यसैको सहउपादनका रूपमा देखापरेको भारतीय नाकाबन्दी पनि अन्त्य भई तदुपरान्त इन्धनलगायत अत्यावश्यक वस्तुहरूको आपूर्ति बढ्न जानुका अतिरिक्त जनजीवनमा पनि केही सहजता आउने छ नै। सत्ता र त्यसका निकट व्यक्तिहरूबाहेक अरू सबै नेपाली अहिलेको यो संकटबाट प्रभावित छन्। राष्ट्रिय जीवनका सबैजसो अंग उपर संकटको गहिरो असर टड्कारो अनुभव गर्न सकिन्छ। यस पटकको संकटले हाम्रो मुलुक कुन रूपमा भारत निर्भर रहेछ भन्ने खुलस्त गरेको छ। भविष्यमा पुनः यस्तो अवस्था आउँदा त्यसको असर नेपाली जनजीवनमा अहिले जस्तै पर्न नदिन के-कस्तो सजगता र सचेष्टता अवलम्बन गर्न जरुरी छ भन्ने पाठ पनि यसले हामीलाई सिकाएको छ।

नेपाल-भारतबिच लामो खुला सीमा र निर्बाध आवागमन चालू नै रहेको परिप्रेक्ष्यमा भारतीय नाकाबन्दीका कारण तस्करीले व्यापक मात्रामा प्रश्रय पाएको यथार्थ स्पष्ट छ। नेपाल-भारत सीमा बिन्दुबाट साबिकमा भन्दा एक तृतीयांश मात्र पेट्रोलियम पदार्थ आयात हुंदा पनि नेपालका सडकहरूमा गुड्ने सवारीसाधनहरूको संख्यामा कमी नआउनुले सो कथनको पुष्टि हुन्छ। बजारमा उचित मूल्यमा कुनै पनि उपभोग्य वस्तुहरू उपलब्ध नहुने गरे पनि बढी मूल्य तिर्नेबित्तिकै सहजै पाइने गरेका छन्। त्यसैले भारतीय नाकाबन्दी हुने खाने वर्गका लागि भन्दा हुंदा खाने वर्गका लागि बढी घातक प्रमाणित भएको छ। विक्रमाब्दको यो वर्ष वास्तवमा हाम्रा लागि दुर्भाग्यपूर्ण रहदै आएको छ भने हुन्छ। वर्षको आरम्भमै शक्तिशाली भूकम्पको बिनाशलीला बेहोर्नुपऱ्यो। भूकम्पले भौतिक क्षति मात्र पुऱ्याएन, हाम्रो मनोदशालाई नै खलबल्याये। मुलुकका सामु विद्यमान समस्याको समाधानका रूपमा आउने अपेक्षा गरिएको संविधानकै कारण चर्को समस्या बेहोर्नुपऱ्यो। ९० प्रतिशतभन्दा बढी सभासदको समर्थनमा जारी संविधानले हाम्रै तराईवासीलाई सन्तुष्ट तुल्याउन सकेन। संविधानप्रति आफ्नो असहमतिसंगै भारतले हाम्राबिरुद्ध नाकाबन्दीरूपी अस्त्र प्रयोग गऱ्यो, जसको पीडादायी असरबाट हामी छटपटाइरहेका छौं।

मुलुक संकटले आक्रान्त अवस्थामा छ। जनसाधारणको चुली बल्न छाडेको महिनौं भइसकेको छ। 'विहान खाए साँझ के खाने ?' भन्ने अवस्था छ। गरी खाने वर्गका लागि दुई छाकको जोहो गर्न सक्नु नै ठूलो पुरुषार्थ मान्पुपर्ने भएको छ। नयां संविधानले मुलुकमा शान्ति, सुव्यवस्था, स्थिरता, विकास र समृद्धिको युग सुरु गर्ने अपेक्षा नगरिएको होइन। संविधान घोषणाको पूर्वसन्ध्यादेखि प्रारम्भ भएको मधेसी मोर्चाको आन्दोलन संविधान जारी भएपछि झन् उग्र स्वरूपमा प्रकट भयो र त्यसैलाई बल पुऱ्याउन निकट छिमेकी मुलुक भारतले नेपालविरुद्ध आर्थिक नाकाबन्दी नै लगाउन पुग्यो। नाकाबन्दीको फलतः अर्थतन्त्र धराशायी भएको छ। उद्योग व्यवसाय सबै चौपट छन् भने सीमित रोजगारीका अवसरहरू मुल्तवीमा रहेका छन्। शान्ति सुव्यवस्थाको हालत दयनीय छ। जनसाधारणले मुलुकमा सरकारको अस्तित्वबोध गर्न सकेका छैनन् र सामुदायिक तथा जातीय विभाजन चर्काउने प्रयास जारी छ। हरश्रेत्रमा अस्थिरता व्याप्त हुँदै छ। पूर्वस्थितिमा पुनरागमन नै नेपालका लागि निकै कष्टसाध्य अभ्यास हुने स्पष्ट छ। यो सब यथार्थबाट बेखबर जस्तो प्रतीत नेतृत्व वर्गको प्रवृत्ति भने सनातन नै छ। यो भन्दा बिडम्बनाको विषय अर्को के हुन सक्छ ?

राष्ट्र निर्माणका लागि कल्पनाशीलता आवश्यक छ, परन्तु, त्यसबाट मात्रै काम हुन सक्दैन। सोचकै भरमा काम हुने भए नेपाल उहिल्यै लोडसेडिङमुक्त भइसक्ने थियो। हामीले विद्युत् ऊर्जा निर्यात गरेर व्यापार घाटा कम गरेका हुन्थ्यौं। वास्तविकतामा त कटौती कम गर्न हामीले अहिले भारतबाट विद्युत् ऊर्जा आयात गरिरहेका छौं। झुट्टा आश्वासन र खोक्रा प्रतिबद्धता वितरण गरेर जनसाधारणलाई केही समय भुक्याउन मात्र सकिन्छ, त्यसरी मुलुक उँभो लाग्न भने सक्दैन। बोलेर, भाषण गरेर मुलुक अविकास र पछौटेपनको अवस्थाबाट बाहिर आउने होइन। धेरै बकबक गर्नुको कुनै अर्थ छैन, किनकि शब्दको भन्दा कामकै आवाज ठूलो र प्रष्ट सुनिने हुन्छ। भाषण गर्न र आश्वासन दिनबाहेक नेताहरू आफ्नो जीवनमा वास्तविक सुधार ल्याउने सारभूत केही काम गर्न अक्षम प्रमाणित भइसकेको जनताको ठहर छ। गुलिया आश्वासन र प्रतिबद्धता कार्यान्वयनमा ल्याउन सम्भाव्य योजना, स्रोत साधन, उपयुक्त जनशक्ति, कार्य तत्परता, दृढ अठोट र निरन्तरता आवश्यक छ। सार्वजनिक उपभोगका लागि गरिने भाषणले मुलुकको विकास हुन र जनजीवनको स्तरमा सुधार आउन किमार्थ सक्दैन।

कुनै सन्देह छैन, कार्यसम्पादन उपलब्धि वा परिणामका लागि हुनुपर्दछ। प्रचारका उद्देश्यले देखाउन गरिने कामको कुनै अर्थ छैन। निहित व्यक्तिगत वा दलगत स्वार्थका लागि थेप्ने लुट्ने प्रयोजनबाट गरिने कुनै काम पनि परिणाममा नपुग्न र उपलब्धिमूलक नहुन सक्दछ। राजनीतिमा स्वभावतः बादविवाद भइरहन्छ। सकीर्ण दलगत राजनीतिक आग्रहबाट निर्देशित रहेर गर्न खोजिने कुनै कार्य विवादको घेरामा पर्नु त्यसैले स्वाभाविकै हुन्छ। राष्ट्रिय विकासको एउटा ढाँचामा सबै राष्ट्रिय शक्तिहरूको सहमति हुनुपर्छ भनेर त्यतिकै भनिएको होइन, हाम्रा धेरै नेताहरू बोल्नु त हो, बोलेको कुरा पूरा गर्नै पर्दछ भन्ने के छ र ? भनेजस्तो गरी बोल्छन्। आफ्नो कार्य क्षेत्रमा नपर्ने विषयहरूमा पनि बडो विज्ञझैं बनेर अभिव्यक्ति दिन्छन्। बोल्दैमा केही जंदैन भन्ने मानसिकताबाट बोलिरहेका हुन्छन्। आफ्नो बोली पूरा हुन सकेन भने आफ्नै विश्वसनीयता ओझालो लाग्दछ र आफूलाई झल्ल भन्दछन् भन्ने कुरा नेतृत्वले बुझ्नु जरुरी छ। अहिले ठूलाठूला कुरा गर्ने, हाम्रा महल बनाउने बेला होइन, सपना देखाउने वेला पनि होइन, तत्कालको संकट टार्नुपर्ने बेला हो यो। रणनीतिक लक्ष्य पूरा गर्न समय लाग्दछ। जनताको तत्कालीन आवश्यकताको सहज उपलब्धता बर्तमानको सर्वोपरि प्राथमिकता रहेको तथ्य स्मरणीय छ।

हाम्रा केही नेतामा राजनीतिक आवरणमा आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न मिल्छ भन्ने निकृष्ट सोच रहेको देखिन्छ। राजनीतिक आवरणमा मुलुकको ब्रह्मलुट गर्न, मनलागी गर्न छुट हुँदैन। राजनीतिक शक्ति र जनताको सर्वोपरि हितका लागि हो। सबै राजनीतिक निर्णय औचित्यमा आधारित हुन्छन् भन्न सकिँदैन। त्यसैले राजनीतिक निर्णयबाट राज्यकोषको दोहन गर्ने काम हुँदा राज्यका अन्य अंगहरू टुलुटुलु हेरेर बस्नुपर्दछ भन्न मिल्दैन। मन्त्रिपरिषद्ले पनि प्रचलित कानून, ऐन, नीति, नियमबमोजिम कार्यसम्पादन गर्नु जरुरी छ। अनियमित, गलत र निहित स्वार्थपूर्तिका विषय उपर मन्त्रिपरिषद्को निर्णय रक्षा कवच हुन सक्दैन। निःसन्देह नीति नियम बनाउने मन्त्रिपरिषद्ले हो, तर त्यसो भनेर मन्त्रिपरिषद्ले स्वेच्छाचारी ढंगले निर्णय लिन पाउँदैन। नीति नियमलाई समयसापेक्ष बनाउन वा राष्ट्र र जनताको हितमा परिवर्तन गर्न पाइन्छ, किन्तु, प्रचलित नीति नियम मिच्ने र औचित्यहीन ढंगमा काम गर्न छोट मन्त्रिपरिषद्लाई पनि हुँदैन। मुलुकमा विधिको सर्वोच्चता स्थापित गर्नुपर्दछ। नेताविशेष सत्तामा पुग्ने वा टिक्ने कुरा मुलुकका लागि त्यति महत्त्वपूर्ण होइन, जति महत्त्वपूर्ण राष्ट्र हित, जनताको सर्वांगीण समुन्नति, राष्ट्रिय अखण्डता, सम्प्रभुता, स्वाभिमानको रक्षा र समृद्धि छन्।

बडो विचित्रलाग्दो कुरा के छ भने, मुलुकमा बहुसंख्यक जनताको भावनाको पनि उपेक्षा गर्ने गरिन्छ। आन्दोलनका माध्यमबाट दबाव दिएर अल्पसंख्यकले आफ्नो माग सम्बोधनका लागि जवर्जस्ती गर्दछ। ९० प्रतिशतभन्दा बढी सभासद्ले अनुमोदन गरेर जारी गरिएको संविधानलाई मधेसी मोर्चाका नेताहरूले आफूहरू उपर जवर्जस्ती जारी गरिएको तुकहीन आरोप लगाउने गरेका छन्। लोकतन्त्रका आडमा लोकतान्त्रिक मूल्य मान्यतालाे वलात्कार भनेको यही हो। विगतमा राजनीतिक दबाव वा बाह्य प्रभावका आडमा बहुसंख्यक जनताको अभिमतविपरीत निर्णय लिइएकै कारण अहिले मधेसी मोर्चाका नेताहरूले पनि आफ्नो पक्षमा निर्णय गराउन त्यही उपाय अपनाइरहेका छन्। अत्यधिक नेपाली जनताको भावनाविपरीत नयां संविधानमा धर्म निरपेक्षतासे स्थान पाएको छ। स्पष्टतः जनताको मात नहँदा पनि बाह्य प्रभावका कारण यो विषयलाई संविधानमा समावेश गरिएको तथ्य अब धेरैले बुझिसकेका छन्। राजनीतिक सहमतिका आडमा जस्तोसुकै कार्य गर्न पनि मिल्दछ भन्ने सोचबाट खासगरी तिन प्रमुख दल मक्त हुन जरुरी छ। राजनीतिक सहमति र जनादेश एकअर्काका पर्याय होइनन्। लोकतन्त्र बहुमतको निर्णय मान्य हन्छ। बहुमतले नस्वीकार्दासम्म अल्पसंख्यकको निर्णय मान्य हुन सक्दैन। मधेसी मोर्चाका नेताहरूमा किञ्चित लोकतान्त्रिक सोच छ भने उनीहरूले बहुमतको निर्णय सुन्नुपर्दछ, आफ्नो मात्र निर्णय लादन खोज्नु हुँदैन। संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका नेताहरूले व्यवस्थापिका संसदको दुई तिहाइ बहुमतको समर्थनबाट मात्र संविधान संशोधन हुन सक्ने तथ्यलाई ध्यानमा राखी आफ्ना माग उपर पुनर्विचार गर्नु जरुरी छ। गलत उदाहरण स्थापित गर्नेतिर उनीहरू लाग्नु हुँदैन। यस्तो प्रवृत्तिले मुलुकमा लोकतन्त्र फस्टाउने सक्दैन। मोर्चाका मागमा अन्य दलहरूको समर्थनविना संविधान संशोधन बिलकुल सम्भव छैन। अन्य दलको समर्थन हासिल गर्न लेनदेनको कार्यनीति अवलम्बन नगरी हुँदैन। आन्दोलनका माध्यमद्वारा अन्य दललाई दबाव दिएर आफ्ना दलगत कार्यसूची पूरा गर्न खोज्नु अराजनीतिक कार्य हो भन्ने तथ्य उनीहरूले आत्मसात् गर्नु जरुरी छ। सरल राजनीतिक स्वार्थ के हो भने नेका, एमाले वा एमाओवादी कुनै पनि दलले तराईमा मधेसकेन्द्रित दलहरूको वर्चस्व सुनिश्चित गर्न तयार हुनै सक्दैन। स्थानीय जनताला आफ्नो सकारात्मक प्रभाव निर्माण गर्न कार्य सम्बन्धित दलबाटै हुनुपर्दछ। अहिलेको मधेस आन्दोलनमा मधेसी जनताको सहभागिता पक्कै पनि छ। तर त्यो भोलि निर्वाचनका वेला मतमा परिणत हुन्छ नै भन्न किन मिल्दैन भने कुनै पनि मधेसी दलले राष्ट्रिय पहिचान वनाई नसकेको अवस्था छ। निहित स्वार्थ तथा सकीर्ण सोचमै अल्झिरहने मधेसी नेताहरूको प्रवृत्तिका कारणले उनीहरू आफैंवित्र कटुता र तनावको सम्बन्ध छ।

लामो र अर्थहीन सशस्त्र द्वन्द्व, पीडादायी जटिल संक्रमण, बिनाशकारी भूकम्प र भारतीय नाकाबन्दी हाम्रो विकास यात्रामा सशक्त अवरोधका रूपमा रहेका छन्। आफ्नो संविधान आफैले बनाउने नेपाली जनताको चित्र सञ्चित सपना पूरा भएको छ तर अपरिपक्व नेतृत्वका कारण संविधानको कार्यान्वयनमा समस्या छ। आफ्नो स्वार्थअनुकूल काम गर्न गराउन खोज्ने नेतृत्वको प्रवृत्ति छ। संविधान वास्तवमा सिंगो मुलुक र समष्टि नेपाली जनताको भाग्य र भविष्य रेखांकनका लागि हो। नेतृत्व वर्ग मुलुक र जनताको हितलाई केन्द्रमा राखी निर्देशित हुनुपर्दछ। व्यक्तिगत श्रेय वा अवसरका लागि मात्र अगाडि सर्ने होइन। त्यसो गदां देश र जनताले अकारणै दुःख पाउँछन्। नेतृत्वले जहिले पनि संयोजनकारी भूमिका खेल्नु जरुरी छ। किन्तु, दुर्भाग्यको कुरा के हो भने कुनै पनि नेताको कार्यशैली एकअर्कालाई संयोजन गर्ने खालको छैन। मूल रूपमा संयोजनकारी भूमिका निर्वाह गर्नुपर्ने पदाधिकारीवाटै प्रतिपक्ष उपर कटाक्ष गरिन्छ। आफ्नो भूमिका नबुझ्नुको परिणाम हो यो। मुलुकमा विद्यमान संकट अन्य गर्न सर्वप्रथमतः सरकार इमानदारी र जिम्मेवारीवोधका साथ पुरयाउन हुनु जरुरी छ। सरकारकै अनिर्णयका कारण संकट लम्बिदै जाने अवस्था आउनु वास्तवमा विडम्बना हो।

जतिसुकै चर्को नारा दिए पनि राष्ट्रियता वास्तवमै रुण अवस्थामा छ। राष्ट्रियतालाई सत्तामा पुग्ने र टिकिरहने एउटा माध्यमका रूपमा सीमित गर्न खोजेपछि यस्तो हुनु स्वाभाविकै हुन्छ। राष्ट्रिय एकता त ए कता ? भनेर खोज्नुपर्ने स्थितिमा छ। सरकारमा सामेल दलहरूमै एकता र समन्वयको अभाव छ। प्रधानमन्त्रीले आफ्नै सहकमीहरूलाई विश्वासमा लिन नसकिरहेको देखिन्छ। मन्त्रीहरू उपर पूर्ण विश्वास र भरोसा देखिँदैन प्रधानमन्त्रीमा। सार्वभौमसत्ता कमजोर भएको छ। सर्वोच्च जनप्रतिनिधि संस्था संविधानसभाका अत्यधिक सभासदवाट अनुमोदन भई विधि र प्रक्रियासम्मत ढंगले जारी गरिएको संविधानमा भारतको सहयोग र समर्थनमा १० प्रतिशतभन्दा कम मधेसकेन्द्रित दलका सभासद्ले गरेको अन्दोलनलाई मान्यता दिई संशोधन गर्ने प्रक्रिया अगाडि बढाइएको छ। शान्ति र व्यवस्थाको नामो निसान छैन भने हुन्छ। तराईमा महिनौंदेखि सरकारी कार्यालयहरू बन्द अवस्थामा छन्। उद्योग, कलकारखानाहरू बन्द हुँदै गएका छन् र त्यसै पनि सीमित रोजगारीका अवसरहरू पनि सकुचित हुँदै छन्। लगानीनिरुत्साहित हुँदै छन्। लगानीकर्ताहरू फिर्ता हुँदै छन्। मुलुकमा गरी खान पाउने वातावरण नै छैन। जनजीवन इतिहासमै सर्वाधिक कष्टकर अवस्थामा छ। विकल्पका लागि तस्कर र कालोवजारीया उपर निर्भर नभई नहुने स्थिति छ। समग्र अर्थतन्त्र निरन्तर ओझालो लागिरहेको छ भने सक्षम र उत्पादनशील जनशक्ति विदेश पलायन हुँदै छ। नेतृत्व भने आत्मरतिमा मग्न देखिन्छ। यी सबै पक्षलाई ध्यानमा राख्दा मुलुकको भविष्यको कुनै नगरौं, वर्तमान सुरक्षित तुल्याउन नै निकै चुनौतीपूर्ण हुने देखिन्छ।

सत्ता कसैको पनि निजी वा दलगत स्वार्थपूर्तिको औजार होइन। राज्यको साधन स्रोत जनताको सर्वोत्तम हितमा परिचालन हुनुपर्दछ, व्यापक दुरुपयोग गर्ने विशेषाधिकार कसै उपर पनि छैन। सरकार राज्यको सुसञ्चालनका निम्ति हो। लोकतन्त्रमा जनता सरकारबाट सुशासनका हकदार हुन्छन्। कुनै पनि निकायको शक्ति सापेक्ष हुन्छ, निरपेक्ष होइन। निर्णायक शक्ति भनेका नेपाली जनता मात्र हुन्। शक्ति प्रयोग स्वयंमा पुनरावलोकनको विषय हो। त्यसर्थ नै मुलुकमा विभिन्न संवैधानिक अंगहरूको व्यवस्था गरिएको हो। कानुनी राज्यमा विधिको सर्वोच्चता हुन्छ, अन्य कसैको होइन। आफ्नो निहित स्वार्थअनुकूल जुनसुकै पदाधिकारीले भनेका कुरा पनि मान्नु हुँदैनन्। लोकतन्त्रमा औचित्य र विवेकको प्रयोग गर्नु जरुरी छ। राज्यकोष उपर जथाभावी गर्ने छुट कसैलाई पनि हुँदैन। व्यक्तिगत आकश्यकता राष्ट्रिय स्वार्थको पर्याय हुन सक्दैन। व्यक्तिगत स्वार्थ पोषणका लागि राज्यकोष उपर अनुचित व्ययभार पर्ने विषयमा हरेक राष्ट्रप्रेमी नेपालीले बोल्न मिल्छ, बोल्न मिल्दैन भन्नु अधिनायकबादी सोच हो। राष्ट्रिय हितविपरीत गैरजिम्मेवार कार्यका विरुद्ध सशक्त खबरदारीका लागि नै मुलुकमा लोकतान्त्रिक गणतन्त्र वहाल रहेको तथ्य मननीय छ। मुलुकमा अब कसैले पनि छोटे राजा बन्न खोज्नुहुँदैन। पदीय आबरणमा राज्यकोषको दोहन वा सुविधाको दुरुपयोगलाई विशेषाधिकार ठानिनु छोटे राजा बन्न चाहनु हो।

# फोहोर व्यवस्थापनमा ध्यान देऊ

■ डा. प्रकाश बुढाथोकी

राजनीतिक दलका तर्फबाट २ हजार, निजामती कर्मचारी १ हजार, तिनवटै सुरक्षा निकायबाट १ हजार ८ सय, एक घर एक प्रतिनिधिबाट २ हजार ५ सय, विद्यालयबाट ५ सय र अन्य गरी १ लाख स्वयंसेवक परिचालन गरी चैत अन्तिम सातादेखि काठमाडौं महानगरपालिकाले विशेष सरसफाइ अभियान 'सफा काठमाडौं, हाम्रो काठमाडौं अभियान-२०६८' सञ्चालन चरणबद्ध रूपमा गर्ने भनियो। तर, आज त्यो अभियान कहां पुग्यो स्वयं काठमाडौं महानगरपालिकालाई नै थाहा छैन। यस्तो योजना बनाउने, प्रचारप्रसार गर्ने तर व्यवहारमा केही नगर्ने पद्धति नै बनिसकेको छ नेपालमा सरकार प्रमुखदेखि सर्वसाधारणसम्म।

आधुनिक युगको सहरीकरण, औद्योगीकरण तथा नवजीवन शैलीको पारश्व प्रभावकै रूपमा फोहोर व्यवस्थापन ज्वलन्त चुनौती बन्दै छ। अझ विकासोन्मुख राष्ट्रहरू, जहां राजनीतिक स्थिरता, नागरिक अनुशासन विकास भएको हुंदैन, त्यहांका सहर फोहोरको समस्यावाट आक्रान्त छन्। करिव ९ सय वर्ग किलोमिटर क्षेत्रफल भएको काठमाडौंमा ४० लाखभन्दा वढी जनसंख्या छ। जनसंख्या वृद्धिदर ४ दशमलव ७१ प्रतिशत छ, जुन विश्वकै उच्च वृद्धिदर हो। जनसंख्या वृद्धिसंगै भवन निर्माण, सवारीसाधन र उपभोग्य वस्तुको तीव्र विस्तारले वातावरणीय तथा पर्यावरणीय सन्तुलन खलवलिएको छ। खानेपानीको अभाव, ढल निकासको अव्यवस्था, अव्यवस्थित सहरीकरणले राजधानीलाई अत्यन्तै कुरूप तथा फोहोर बनाउँदै लगेको छ।

काठमाडौंलाई अब 'फोहोरमाडौं' भन्दा हुन्छ। पैदलयात्रीले नाक र मुख थुनेर हिंड्नुपर्ने तथा घरभित्र वसेकाले पनि झ्यालढोका बन्द गरी वस्नुपर्ने भएको छ। पर्यटकका लागि सगरमाथाको देश नभनी फोहोरमाथाको देश वनेको छ। काठमाडौं उपत्यकामा मात्र नभई देशका प्रमुख सहरहरूको जटिल समस्या भनेकै फोहोरको उचित व्यवस्थापन हुन नसक्नु हो। 'जान्नेलाई श्रीखण्ड, नजान्नेलाई खुर्पाको विंड' जस्तै छ फोहोर। किनभने सहरको सौन्दर्य, वातावरण, पर्यटन व्यवसाय तथा स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने फोहरलाई पुनः प्रयोग गरी मोहर वा रुपैयांमा वदल्न सकिन्छ भन्ने जानकारीको अभाव छ, मानिसमा।

फोहोर आफैंमा खराब होइन, किनभने यही खाएर बंगुर हलक्क बढ्छ, वोटविरुवा गजवले सपिन्छन्र र त्यहींवाट वायोग्यांस ऊर्जा पनि उत्पादन हुन्छ। अमेरिकाले फोहोरकै प्रयोग गरेर ९८ प्रतिशत स्टिल, ९६ प्रतिशत कारको ब्याट्री, ७४ प्रतिशत आल्मुनियम, ४३ प्रतिशत कागज उत्पादन गर्ने गरेको छ। ४० प्रतिशत वचेको फोहोर र २७ प्रतिशत सिसाजन्य फोहोर पुनःचक्रीय पद्धतिद्वारा प्रयोग गरी स्वच्छ सहर बन्न बनाउन सफल भएको छ। नेपालमै सीमित मात्रामा भए पनि गड्यौंलाद्वारा स्तरीय मल उत्पादन बिधि अपनाएर फोहोर तह लगाउने प्रयास नभएका होइनन्। स्थानीयस्तरमै फोहर व्यवस्थापनसम्बन्धी सचेतना तथा कृषि मल उत्पादन नभएका पनि होइनन्। उता घोराही नगरपालिकाले सहर सफा मात्र नगरी विभिन्न व्यवसाय पनि सञ्चालन गरी फोहोरवाट नाफा नकमाएको होइन। तर, काठमाडौंलगायतका ठुला सहरमा बाढै महिना फोहोरले समस्या दिएको छ। एक-दुई दिन फोहोर नउठे नाक थुनेर हिंड्नुपर्ने अवस्था छ।

फोहोरमैला पारिवारिक तथा आर्थिक क्रियाकलापको उपज हो। काठमाडौं महानगरपालिका, ललितपुर, विराटनगर, बीरगन्ज र पोखरा गरी पांच उपमहानगरपालिका र अन्य ५३ बढी नगरपालिका तथा नगरउन्मुख ५० गाविसको आजको मूल समस्या फोहोरमैला व्यवस्थापन देखिन्छ। महानगरले दैनिक ४ सय ७५ टन फोहोर संकलन गरिरहेको छ। प्रत्येक दिन प्रत्येक व्यक्तिबाट तिन ग्राम वढी फोहोर उत्पादन हुन्छ। सहरभित्र तिन सय ४५ टनभन्दा बढी, बरपरका गाविसबाट ४० टन भन्दा बढी, कामका लागि आउने मानिसवाट उत्पादन हुने ४५ टन भन्दा वढी र संकलन नभएको ५ टनभन्दा वढी फोहोर दैनिक उत्पादन हुने गरेको छ। फोहोरको तिन चौथाइ भाग कम्पोस्ट मल, केही भाग पुनः प्रयोगमा, केही कवाडीमा पठाई १ प्रतिशत जति मात्र डम्पिङ साइटका लागि निस्कन्छ।

घरेलू फोहोर, निर्माणजन्य फोहोर, उद्योग तथा व्यापारिक केन्द्रका फोहोर, अस्पतालजन्य फोहोर, विद्युतीय तथा विकिरणजन्य फोहोरमा ७० प्रतिशत जैविक ठोस फोहोर हुने भएकाले व्याक्टेरियालगायतका सूक्ष्मजीवद्वारा कुहिएर आई वा भिजेको रूपमा हुन्छन्। सार्वजनिक स्थान र सडकपेंटीमै भान्सावाकी फोहोर, शौचालयको फोहोर, वीर्ययुक्त कण्डम, महिनावारीमा प्रयोग भएका प्याड, पोलिथिन, प्लास्टिकजन्य कागज, म्याद गुजेका औषधि, खाद्यपदार्थ, किटनाशक औषधिहरू, होटलका वासी खाना, चुरोटका ठुटा, मदिराका वोतल, सवारी साधनजन्य फोहोर, कवाडी, पशुपन्छीको मल तथा मृत जनावर नै देखिन्छन्। गर्मी तथा वर्षायाममा त झन् फोहोरमा झिंगा र धूप्रोवाट पानी, रस वगिरहेका हुन्छन्। फोहोरको डंगुरवाट झिंगा, लामखुट्टे, मुसा, चरा तथा गाडीका पांग्रा, जुत्ता चप्पलका माध्यमवाट वरिपरि तथा घरभित्र संक्रमण पुग्छ। रसाएको फोहोर पानी तथा अन्य जीवजन्तुवाट पानीका स्रोतहरू पनि संक्रमित हुन्छन्, जसवाट कीटजन्य, पानीजन्यलगायतका संक्रमणले महामारीको रूप लिन सक्छन्।

घरभित्रको फोहोरले इन्फलुएन्जा, रुघाखोकी, क्षयरोग, दादुरा, झोकाइटिस, लहरेखोकी, लुतो, एलर्जीलगायतका चर्मरोगहरू, श्वासप्रश्वासजन्य संक्रमण ल्याउंछ भने मुसावाट प्लेग, रेविज, लामखुट्टेवाट औलो, कालाजार, इन्सेक्टफ्लाइटिस, सांला र माउसुलीवाट अन्य विभिन्न रोग लाग्दछन्। बंगुरको मलवाट नाम्लेकिरा, भैंसी र रांगाको मलवाट सानो नाम्लेकिरा, कुखुरा तथा पन्छीको मल तथा प्वांखिवाट वर्डफ्लुजस्ता रोग सर्न सक्छन्। पानी संक्रमित भई नउमालीकन पानी पिउँदा टाइफाइड, हैजा, झाडापखाला, जन्डिस, जुका, भाइरल संक्रमण लाग्छन्। यति मात्र होइन, स्वास्थ्यका लागि हानिकारक मानिने रगत र पिप लट्पटिएको कपडा, प्याड, शल्यकिया र घाउखटिराको ड्रेसिङको कपडा, कपास, सिरिन्ज, सियो आदि घरघरवाट निस्केर फोहोर फ्यांकेर कन्टेनरमा फ्यांकिदिंदा फोहरमैला व्यवस्थापनमा संलग्न व्यक्तिहरू एवं वरिपरिको वातावरणमा निकै ठूलो असर पार्दछ। यसरी हजारौंको मृत्यु, लाखौं विरामी तथा अर्बौं रुपैयां खर्च भइरहेको छ।

यसैलाई आत्मसात् गर्दै व्यवस्थापिका संसद्ले पारित गरेको 'फोहोरमैला व्यवस्थापन ऐन- २०६८' लागू भइसकेको छ। यस ऐनअनुसार जहांसुकै फोहोरमैला फ्यांक्ने, फोहोर व्यवस्थापनमा असहयोग गर्ने र असुरक्षित रूपमा फोहोर फ्याल्ने व्यक्ति र संघसंस्थालाई ५

# केजरिवाल : सबैभन्दा कुटिएका राजनीतिज्ञ ?

**एजेन्सी**
नयाँ दिल्ली, ४ माघ

नयाँ दिल्लीका मुख्यमन्त्री तथा आमआदमी पार्टीका नेता अरविन्द केजरिवालमाथि आइतवार एक कार्यक्रममा नै मसी छर्किंयो ।

दिल्लीमा प्रदूषण रोक्न दिल्ली सरकारले ल्याएको जोरविजोर प्रणाली सफल भएको सन्दर्भमा आयोजित धन्यवाद ज्ञापन कार्यक्रममा सम्बोधन गर्ने क्रममा उनीमाथि मसी छर्किएको थियो । भारतीय राजनीतिज्ञमाथि आफ्नो रिस पोख्न प्रदर्शनकारीले मसी, अन्डा, जुत्ता फाल्ने संस्कार कुनै नौलो होइन । तर, आफूले ल्याएको कार्यक्रम सफल भएको सन्दर्भमा आयोजित कार्यक्रममा उनीमाथि उत्रिनुले आक्रमणको बिभिन्नस्वरूपलाई उजागर गरेको छ ।

केजरिवालमाथि बारम्बार सार्वजनिक समारोहमा झापड प्रहार भएको छ । आफूमाथि भएका आक्रमणका सन्दर्भमा उनले ट्विटरसमेत गरेर जवाफ फर्काएका छन् । आफूलाई आक्रमण गर्नुको रहस्यसमेत सोध्ने गरेका छन् । 'मलाई बारम्बार किन आक्रमण गरिन्छ ? ममाथि आक्रमणको योजनाकार को हुन् ? उनीहरूले के चाहन्छन् ? मलाई आक्रमण गरेर उनीहरूले के पाए ?' उनले सोध्ने गरेका छन् ।

**कुटाइपछि धन्यबाद**

केजरिवालको आमआदमी पार्टीले आयोजना गरेको सप्ताअन्तको ञ्यालीमा एक महिलाले उनीमाथि मसी छर्किंदा धेरै मानिसले अनौठो नाटकको संज्ञा दिए । आक्रमणकारी महिलाले भने यसलाई सीएनजी काण्ड बताएकी छिन् । भावना अरोरा नाम गरेकी ती महिलाले १ लाख सीएनजी स्टिकर गैरसीएनजी सवारीसाधनलाई बिक्री गरिएको उनले आरोप लगाएकी छिन् ।

आक्रमणकारी महिलालाई दिल्ली प्रहरीले पकाउ गरेको छ । केजरिवालका समर्थकहरूले भने सत्तासीन भाजपाले ती महिलालाई उत्तेजित गराएको आरोप लगाएका छन् । तर, केजरिवालले आफूलाई आक्रमण गर्ने ती महिलालाई छोड्न निर्देशन दिइसकेका छन् । 'उनलाई छोडिदेऊ । किनकि उनले केही सीएनजी काण्डको प्रसंग कोट्याएकी छिन्,' उनले भने, 'जबजब दिल्लीमा कुनै राम्रा काम हुन थाल्छन् यहाँ यस्तै षड्यन्त्र हुने गरेको छ । धेरै शक्तिले जोरविजोर प्रणालीलाई विफल पार्न खोजेको देखिन्छ ।'

जनवरीको सुरुमा उनले सार्वजनिक कार्यक्रममाई सम्बोधन गरिरहंदा एक युवाले केजरिवालमाथि अन्डाले हिर्काएका थिए । तर, केजरिवाल बालबालले बचे । एक महिनाअगाडि दिल्लीको एक निर्वाचन क्षेत्रमा पनि उनी आक्रमणबाट बचेका थिए ।

**बनारसमा अन्डाको वर्षा**

केजरिवाल प्रधानमन्त्री नरेन्द्र मोदी उम्मेदवार भएको बनारसमा मोदीविरुद्ध उठ्ने निधो गरे । आफ्नो उम्मेदवार घोषणा गर्न आयोजित एक ञ्यालीमा उनीमाथि अन्डा र मसी प्रहार भयो । पहिलो पटक काशी विश्वनाथ मन्दिरबाहिर उनको गाडीमा अन्डा बर्साइयो । मोदीका समर्थकले यस्तो कर्तुत गरेका थिए । पछिल्लो यसै साताको आइतवार आफ्नो कार्यक्रमको लोकप्रियतावारे मन्तव्य दिइरहेकै बेला मसी छर्किंयो । मसीले उनको अनुहार र लुगाभर दाग लागेको बताइछ ।

**झापड**

दिल्लीमा प्रचार गर्दा केजरिवाल सुन्निएको आँखा लिएर फर्किएका थिए । एकजना अटोमोबाइल ड्राइभर माला लिएर उनी नजिक पुगी गलामा माला लगाइदिएर थापड हिर्काएका थिए । ती ३८ वर्षीय आक्रमणकारीले केजरीवालले आफ्ना बाचा पूरा नगरेको आरोप लगाए ।

पछि उनले केजरिवालसंग माफी मागेका थिए । एक ट्विटमा केजरिवालले भनेका थिए, 'देशको समस्याको समाधान हिंसा हो त ? उनीहरूले मलाई कुटने समय र स्थान बताऊन् । म त्यहाँ आउनेछु । उनीहरूले चाहेजति मलाई कुटुन् तर यसले समाधान हुन्छ र ?'

# अमेरिकाद्वारा इरानमाथि पुनः प्रतिबन्ध

## इरानद्वारा भर्त्सना

**एजेन्सी**
तेहरान, ४ माघ

आणविक सम्झौतापछि अन्तर्राष्ट्रिय समुदायले इरानमाथिको प्रतिबन्ध हटाएको एक दिन पनि नबित्दै अमेरिकाले इरानमाथि अर्को प्रतिबन्ध लगाएको बताइएको छ । अमेरिकाले इरानमाथि लामो दूरीवाट मार हान्न सक्ने निसानाभेदी क्षेप्यास्त्र परीक्षणमा प्रतिबन्ध लगाएको हो ।

तर, इरानले भने प्रतिबन्धको भर्त्सना गर्दै सो प्रतिबन्धको कानुनी र नैतिक आधार नभएको बताएको छ । इरानी विदेश मन्त्रालयका प्रवक्ताले प्रतिबन्धको भर्त्सना गरेका हुन् । गत अक्टोबरमा इरानले निशानाभेदी आणविक हतियारसमेत बोक्ने र युद्धमा प्रयोग हुन सक्ने क्षेप्यास्त्र परीक्षण गरेको बताइएको छ । नयाँ प्रतिबन्धअनुसार सो कार्यक्रमसम्बन्धी बिभिन्न ११ संस्था र व्यक्तिको अमेरिकी बैंकिङ प्रणाली प्रयोगमा रोक लाग्ने छ ।

नयाँ प्रतिबन्धको माधनसम्बन्धी कार्यको घोषणा गर्दै अमेरिकाको आतंकबाद र आर्थिक जासुसी निकायका सहसचिव आदम जे रुजविनले क्षेप्यास्त्र कार्यक्रमले त्यस क्षेत्रका साथै विश्वको सुरक्षामा चुनौती भएको र यो विषय अन्तर्राष्ट्रिय प्रतिबन्धको विषय हुने पनि बताए ।

तर इरानी विदेश मन्त्रालयका प्रवक्ता होस्सेन जाबिर अन्सारीले इरानको क्षेप्यास्त्र कार्यक्रम कहिले पनि आणविक हतियार बोक्ने गरी निर्माण नगरिएको दावी गरे ।

यसै विषयमा लगाइएको अमेरिकी प्रतिबन्धको कानुनी र नैतिक आधार नभएको उनको भनाइ छ । उनले अमेरिकाले मध्यपूर्व क्षेत्रमा बर्सौंन अबौं डलरको क्षेप्यास्त्र बेच्ने गरेको र सो हतियार युद्ध अपराधका रूपमा प्यालेस्टाइन, लेबनानी र पछिल्लो समय यमनी नागरिकका विरुद्धमा प्रयोग गरिएको पनि उनले दावी गरे ।

सन् २०१५ मा पारित आणविक कार्यक्रमसम्बन्धी राष्ट्रसंघीय प्रस्तावमा आणविक हतियार बोक्न सक्ने क्षेप्यास्त्र परीक्षण गर्न नपाउने उल्लेख छ ।

# विस्फोट आरोपमा पाँचजनालाई जेल सजाय

**ढाका/एएफपी–** बंगलादेशको एक अदालतले सोमबार पांच इस्लामिक आतंकारीलाई १० वर्षको जेल सजाय दिएको छ । उनीहरूमाथि सन् २००५ का देशभर भीषण बम बिस्फोटन गराएको आरोप लगाइएको छ ।

बंगलादेशको दक्षिणपूर्वी जिल्ला रंगामती अवस्थित एक अदालतले प्रतिबन्ध लगाइएको समूह जमायेतुल मुजाहिद्दिन बंगलादेश (जेएमबी) का पांच सदस्यलाई सो जेल सजाय सुनाएको बताइएको छ । ती दश आतांकारीमाथि सन् २००५ मा दुईभन्दा बढी बिस्फोटन गराइएको आरोप लगाइएको प्रहरी निरीक्षक मोनिनुल इस्लामले बताएका छन् ।

सन् २००५ को अगस्ट १७ तारिखमा बंगलादेशको बिभिन्न सहरमा गराएको बम बिस्फोटनमा परी दुईजनाको मृत्यु भएको थियो । प्रायः मुसलमान समुदायको बसोबास रहेको देश बंगलादेशमा सोही वर्ष अगस्ट १७ पछि देशभरि भएका बिभिन्न आक्रमणमा २८ व्यक्तिको मृत्यु भएको थियो ।

सन् २००७ मा जेएमबीका प्रमुख नेताहरूलाई मृत्युदण्ड दिइएपछि जेएमबीका संदिग्ध सयौं आतंककारीलाई पकाउ गरेको जनाइएको छ ।

हालका दिनहरूमा अएर जेएमबी आतंककारी समूहले भीषण हिंसा मच्चाउँदै आएको प्रहरीको दावी रहेको छ । यी आतंककारीबाट गत वर्ष दुई विदेशीको हत्यालगायत सिया र सुफी मुसमान समुदायका सयौं इसाइहरूमाथि भीषण आक्रमण गरेका छन् ।

बंगलादेशमा भएका केही आतंककारी घटनाको इस्लामिक स्टेट्स (आईएस) समूहले दावी गरेको भए पनि बंगलादेश सरकारले भने अस्वीकार गरेको बताइएको छ ।

# मुस्लिम महिलालाई अंग्रेजी भाषाको खाँचो : क्यामरुन

**एएफपी**
लन्डन, ४ माघ

बेलायतका प्रधानमन्त्री डेभिड क्यामरुनले मुस्लिम महिलालाई अंग्रेजी पढाउनका लागि सहयोग गर्नुपर्नेमा जोड दिएका छन् । 'मुस्लिम महिलाहरू आफ्नो अधिकारका लागि लड्न पनि नसकिरहेको यथार्थलाई बुझेर सबैले उनीहरूलाई पढ्ने वातावरणका लागि सहायता गर्नुपर्छ,' प्रधानमन्त्री क्यामरुनले भने ।

आफूविरुद्धको जातिभेद एवं अन्य लैंगिक विभेदका बारेमा उनीहरूलाई थाहा नभएका कारण उनीहरूमा भेदभाव बढी भएको भन्दै प्रधानमन्त्री क्यामरुनले उनीहरूलाई अंग्रेजी पढाउनुपर्ने बताए । अहिले पनि मुस्लिम समुदायमा उनीहरूलाई आफ्ना अधिकारका बारेमा उपेक्षा गरिएको र जसका कारण उनीहरू आफ्नो बारेमा पनि बोल्न सक्ने अवस्थामा नरहेको उनको धारणा थियो ।

'समाजमा महिलाको पिछडिएको अवस्थाको बारेमा तथ्य बाहिर ल्याउन र महिलामाथि मुस्लिम समुदायमा गरिएका नराम्रा प्रकृतिका नियन्त्रणको बारेमा उनीहरूलाई थाहा दिनु आवश्यक भएको छ,' दि टाइम्स् समाचारपत्रमा उनले लेखेका छन् ।

महिलालाई मुस्लिम समुदायले सामाजिक रूपमा एक्लो पारिरहेको र उनीहरूको अधिकारका बारेमा जान्न सक्ने वातावरण पनि नरहेको भाषा पढाउनका लागि पहिलो प्राथमिकता दिइएको उनको भनाइ छ ।

कन्जेरभेटिभ पार्टीका नेता रहेका प्रधानमन्त्री क्यामरुनले आफ्नै प्रयासमा करिब २ करोड ६० लाख युरो रकम एकान्तमा पारिएका मुस्लिम महिलालाई अंग्रेजी भाषा सिकाउने कामका लागि घोषणा पनि गरेका छन् ।

उनले जबर्जस्ती देश निकाला भई बेलायतमा पुगेका आप्रवासी मुस्लिम महिलाका लागि अंग्रेजी भाषा सजिलै बोल्न सक्ने बनाउन यो रकमको सदुपयोग गरिने जानकारी पनि दिए । पछिल्लो तथ्यांकअनुसार बेलायतमा दशकौंदेखि आप्रवासीका रूपमा बस्दै आएका मुस्लिम महिलाले निर्कै थोरै मात्र अंग्रेजी बोल्ने गर्छन् वा बोल्नै जान्दैनन् । उनका अनुसार यो तथ्यांक बेलायतमा बस्दै आएका महिलामध्ये २२ प्रतिशत हो ।

बेलायतमै रहेका पनि कैयौं महिलामाथि लैंगिक विभेद गरिएको र उनीहरूलाई मुस्लिम पुरुषले समाजमा एक्लयाएका पाइएको उनको लेखमा जनाइएको छ ।

# तिन अमेरिकीको अपहरण

**बग्दाद/सिन्हुवा–** इराकको राजधानी बग्दादमा आइतवार बन्दुकधारीले तिनजना अमेरिकी नागरिकको अपहरण गरेका छन् ।

इराकी सरकारी समाचार समितिले दिएको जानकारीअनुसार ती अमेरिकी नागरिकलाई आइतवार बग्दादबाट अपहरण गरी अज्ञातस्थलतर्फ लगिएको छ ।

बग्दादको दक्षिणतर्फको दोरा नगरबाट उनीहरूलाई अपहरण गरिएको अधिकारीले जनाएका छन् । ती अमेरिकन इराकको सैनिक सहयता क्षेत्रमा कार्यरत थिए ।

एकजना इराकी सैनिक अधिकारीले इराकको सैनिकलाई तालिम दिने काममा सम्लग्न रहदै आएका तिन अमेरिकी नागरिकलाई अपहरण गरेर लगिएको बताएका छन् ।

एकजना अमेरिकी भाषा अनुवादकले ती अमेरिकीलाई आफ्नो घरमा बोलाएको समयमा अपहरण गरिएको जनाइएको छ ।

ती भाषा अनुवादक इराकी नागरिकलाई पनि अपरहणकारीले लरोका छन् । सोमवारसम्म पनि उनीहरूको अवस्था अज्ञात नै रहेको बताइएको छ ।


नेपाल सरकार
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**
पुरातत्व विभाग
**राष्ट्रिय अभिलेखालय**
NAS भण्डारण प्रणाली तथा सर्भर आपूर्ति र जडानको लागि बोलपत्र आव्हान गरिएको छ
**बोलपत्र आह्वानको सूचना**
प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७२/१०/०५
ठेक्का नं. 02-STRG-2072/73

१. राष्ट्रिय अभिलेखालय योग्य बोलपत्रदाताहरूबाट, राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रकिया अन्तर्गत, NAS भण्डारण प्रणाली तथा सर्भर आपूर्ति र जडानको लागि यो बोलपत्र आव्हान गर्दछ ।
२. योग्य बोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि राष्ट्रिय अभिलेखालय, रामशाहपथ, काठमाडौं वा कार्यालयको टेलिफोन नं. ४२६४३५ मा सम्पर्क गर्न सक्नेछन् ।
३. योग्य बोलपत्रदाताले बोलपत्रसम्बन्धी कागजातहरु राष्ट्रिय अभिलेखालय, रामशाहपथ, काठमाडौं वाट्ट लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता तथा नविकरण प्रमाणपत्रको प्रमाणित प्रति, VAT/PAN दर्ता प्रमाणपत्रको प्रमाणित प्रति, आ.व. ०७१।७२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रति र बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु १,०००/- (फिर्ता नहुने) पेश गर्नु पर्नेछ ।
४ बोलपत्र सूचना प्रकाशित भएको मितिबाट ३० औं दिनसम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।
७. शिलबन्दी गरिएको बोलपत्र सूचना प्रकाशित भएको मितिबाट ३१ औं दिनसम्म राष्ट्रिय अभिलेखालय, रामशाहपथमा दिनको १२:०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त बोलपत्र स्विकार गरिने छैन ।
८ तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहवरमा राष्ट्रिय अभिलेखालय, रामशाहपथमा सूचना प्रकाशित भएको मितिबाट ३१ औं दिन दिनको २:०० बजे खोलिनेछ । बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिनसम्मको लागि बोलपत्र मान्य हुनेछ । बोलपत्रको साथ 'क' बर्गको इजाजत प्राप्त वाणिज्य बैकबाट जारी गरिएको, रु १,१५,०००/- (एकलाख पन्ध्र हजार) बराबरको बोलपत्र जमानत पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानत, बोलपत्रको मान्य हुने अवधिभन्दा कम्तिमा पनि ३० दिन बढी अवधिको लागि मान्य भएको हुनु पर्नेछ ।
१०. बोलपत्र जमानत नगदै जम्मा गर्न चाहने बोलपत्रदाताले कोष तथा लेखा नियन्त्रक कार्यालय, समन्वय कार्यालय थापाथलीको नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको एकल धरौटी खाता नं. १२०१२०००४१००२५२४, कार्यालय कोड नं. २७-३२५-१३ मा जम्मा गरी सकल भौचर बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।
११. बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन क्रमशः बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने मिति कायम हुनेछ ।
१२. कुनै वा सबै बोलपत्र, पुरै वा आशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस अभिलेखालयमा निहित रहने छ ।



**पुनरावेदन अदालत पाटन**
ललितपुर
**मिति २०७२/०९/१२ मा प्रकाशित बोलपत्र संशोधन बारेको सूचना**
सूचना प्रकाशित मिति : २०७२/१०/०५
यस अदालतको मिति २०७२/०९/१२ मा राजधानी दैनिकमा एनेक्स भवन निर्माण सम्बन्धी बोलपत्रको प्रकाशित सूचनामा देहाय अनुसार संशोधन गरिएकोले यो सूचना प्रकाशित गरिएको छ ।
१. Tender Document को पेज नं. ४४ को Item no.2.4.2 को Specific Construction Experience को Contracts Similar Size and Nature को अंकमा २८,७२,००,०००/- (अठ्ठाइस करोड बहत्तर लाख) of building construction with at list one underground basement हुनुपर्नेमा अन्यथा भएको
२. Bidding Document को Bill of Quantities को पेज नं. ७ को Item no.1.8.5 मा 40mm thick premix over prime coat हुनुपर्नेमा अन्यथा भएको ।
३. www.bolpatra.gov.np मा राखिएको Bid document को पेज नं. २६ को section-2 Bid data sheet को ITB 1.1 मा The number of the Invitation for Bids is :- 02/NCB/CAP/072/73 हुनुपर्नेमा अन्यथा भएको ।



नेपाल सरकार
भूमि सुधार तथा व्यवस्था मन्त्रालय
**राष्ट्रिय भू-उपयोग आयोजना**
मध्य बानेश्वर, काठमाण्डौं
**प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**
प्रथम पटक प्रकाशित मिति २०७२/१०/०५
यस आयोजनाको मिति २०७२/०९/२७ गतेको नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार जिल्ला स्तरीय भू-उपयोग Atlas तयार गर्ने कार्यको लागि संक्षिप्त सूचीमा सूचीकृत भएका परामर्शदाताहरुबाट पेश भएका प्राविधिक तथा आर्थिक प्रस्तावहरु मध्ये प्राविधिक प्रस्तावमा उत्तिर्ण भएका परामर्शदाताहरुबाट पेश भएका आर्थिक प्रस्तावहरु नियमानुसार मिति २०७२/१०/०४ गते खोली प्राविधिक र आर्थिक प्रस्तावहरुको संयुक्त मूल्याइन गर्दा निम्न परामर्शदाताले उच्चतम अंक प्राप्त गरेकाले निजबाट पेश भएका प्रस्तावहरु स्वीकृतीको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८(२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।
**छनौट भएको परामर्शदाताः**
ADMC Engineering Pvt. Ltd
**जानकारीको लागिः**
Shrestha Consultant P. Ltd., Esteem Info Company P. Ltd., Centre for Climate and Environment Research JV
**आयोजना प्रमुख**



# वर्गीकृत विज्ञापन
## आइतबार, मंगलबार, बिहीबार र शनिबार

**जग्गा बिक्रीमा**
सांखु पालुबारीमा २ आना ३ पैसा जग्गा बिक्रिमा ९८४१४४४०४३, ९८४३४४६५३६

**चाहियो**
अनुभवि डिजाइनर, पार्टटाईम, फुल टाइम, प्रेस हेल्पर चाहियो ९८५१११४९९५, ४६०९०६, ९८४१४६००९७
चाबहिल गणेशथान नजीकमा डेकुरेशन सहीतको पसल बिक्रीमा ९८५११२४१०६

**बिक्रीमा**
पानी तताउने सोलार, पानी फिल्टर फोन नं. : ९७४१००४६७९

**सम्पर्क**
के तपाई विदेशजान लाग्नुभएको छ तर सेक्युरेटी प्रमाणपत्रले अड्कीनु भएको छमेने हामीलाई सम्पर्क गर्नुहोला ९८५१०४९८९९

**सवारी साधन**
नीसिटर जिप रिजर्भ टुर टिकेट्ट चाहियमा ४००१५६४, ९८६०८३३६७६
**मर्मत**
कलर टेलिभिजन ग्यारेन्टीसाथ घरमै मर्मत ९८४१७९३५८६, ९८१५०२७२४०

**तिर्थयात्रा**
गंगासागर, तिनधाम, ११-ज्यो तिलिङ्ग, गयाकाशी 01-4462024,

9803017032
**फल्याट भाडामा**
कुमारीपाटी हाईवेमा अफिसहरुलाई अति उपयुक्त तिनकोठाको फल्याट ९८५११२३७३७, ५५४२९४६

**राजधानी राष्ट्रिय दैनिकको वर्गीकृत/डिस्प्ले विज्ञापन संकलनका लागि विभिन्न स्थानमा बुकिङ्ग काउण्टर खोलिएकाले सम्पर्क राखि लाभ उठाउनुहुन सहर्ष जानकारी गराउँछौं**

➪**सोइखुट्टे**, नयाँबजार, गोरखा न्यूज :-४३५५७०, ➪**लगनबेल**, बासिस बुक्स एण्ड स्टेशनरी : ९८४१८७२१८१, ५५४१३००, ➪**चाबहिल**, युनाइटेड आइटी सोल्युसन: ९८५१०३०६७५, ➪**नयाँ बसपार्क**, न्यू पोखरा अडियो सेन्टर :- ४३८०५८२, ➪**नयाँ बसपार्क**, पशुपती कम्युनीकेशन :- ४३६६१९२, ➪**भक्तपुर**, सन्साधारी तीनकुने, पुष्प श्री स्टेशनरी :- ६६१५५१२, ➪**कालिमाटी**, पब्लिक कन्ट्याक प्वाइन्ट :- ४६७४८०१, ➪**पुरानोबानेश्वर चोक**, बीडलिक मिडिया प्रा.लि. :- ४४९२३०९/२०१४९३२, ➪**हातीसार**, लम्बिनी कम्युनीकेशन :- ४४४५२९४, ➪**मैतिदेवी**, बाबा स्टेशनरी एण्ड मेकेटरीयल इन्टरप्राइजेज :- ४४४४०१९, ➪**ज्याठा**, एपिनेट कम्प्युटर :- ४२८६०६, ➪**मिनभवन**, स्नोवल बुक्स एण्ड स्टेशनरीः ९१०७१२८/४१०७४७७, ➪**गोंगबु चोक**, लोटस कम्युनिकेशन :- ४३६४७५१, ➪**बसुन्धरा**, एम.एस. सेडांई बुक्स एण्ड स्टेशनरी :- ४३५४७५, ➪**कोटेश्वर**, कबिन बुक्स एण्ड स्टेशनरी :- ४६००१६७, ➪**चाबहिल**, अदिती विज्ञापन सेवा :- ९८४१०२६३८१, ➪**क्षेत्रपाटी ढल्को**, कम्युनिकेशन प्लस :- ४२६६७५१, ➪**सुन्धारा**, सुन्धारा टेलिकम :- ४२२०१८२, ➪**कीर्तीपुर**, किपु बुक्स प्वाइन्ट :- ४३३१७७५, ➪**ठमेल**, हाइलाइट मिडिया :- ४४१७३३३, ➪**बागबजार**, विश्व नेपाली पुस्तक सदन :- ४२२४२२६, ➪**जोरपाटी**, स्मार्ट इन्फोस्टिमेन्ट प्रमोशन नेपाल प्रा.लि. :- ४९१३०१०, ९७४१०१७२३३, ➪**लगनबेल**, निशा बुक्स एण्ड स्टेशनरी :- ५४३९१५७, ९८४१५२७४८९, ➪**नयाँ बानेश्वर**, पाथिभरा इन्टरप्राइजेज : ९८४१४४५६९०, ४४९८०३७, ➪**बैदु भैसेपाटी**, डंगोल बुक्स एण्ड स्टेशनरी सेन्टर :- ९८४१५०२७७, ५५९०६५८, ➪**बीरगंज बिमुरती चोक**, अमृत पुस्तक भण्डार : ९८४९९७०७८९, ➪**हेटौंडा**, शिवालिक इन्टरप्राइजेज ९८४२८९०९८, ➪**भरतपुर, चितवन**, शुभप्रभात मिडिया हाउस ९८५५०६३४०७

**सम्पर्क नं.:- काठमाडौं, ५५४६३००, फ्याक्सः ५०११५९४/ नेपालगञ्ज, ०८१-५२५९३४/पोखरा, ०६१-५३३४३७/बुटवल, ०७१-४३७४५५**

# मिनुष बनिन् मिस नर्स नेपाल

**काठमाडौं/रास-** 'युनिक्याम्पस मिस नर्स नेपाल २०७२'को उपाधि मिनुष कायस्थले जितेकी छन्। ४१ सुन्दरीलाई पछि पार्दै उनले उपाधि चुमेकी हुन्। उनले शीर्ष ताजसँगै सिर्जनशील बाल कल्याण केन्द्रको सद्भावना दूतसँगै अस्ट्रेलियामा छात्रवृत्तिमा पढ्ने अवसर र विभिन्न गिफ्ट हयाम्पर पाइन्।

नर्सिङ पेसामा रमाएका र भविष्य खोज्ने युवतीको प्रतिभा निखार्दै पेसा र समाजप्रति थप जिम्मेवार र उत्तरदायी बनाउने उद्देश्यले नेक्स्ट मोडल्स नेपालले शनिवार त्रिभुवन आर्मी क्लबमा साँझ आयोजित कार्यक्रममा सृष्टि राउत र लक्ष्मी रिजाल क्रमशः फस्ट र सेकेन्ड रनर अप घोषित भए। फस्ट र सेकेन्ड रनर अपले पनि अस्ट्रेलियामा छात्रवृत्तिमा पढ्ने अवसर र विभिन्न गिफ्ट हयाम्पर हात पारे।

विधागततर्फ दिव्या भण्डारी 'ब्युटी विथ ब्रेन', नयुमा राई 'बेस्ट पर्सनालिटी', वर्षा कार्की 'बेस्ट क्याटवाक', सुवी लामा 'बेस्ट नर्सिङ थिम ड्रेस', सम्झना श्रेष्ठ 'मस्ट पपुलर', श्वेता थापा 'फ्लिक च्वाइस', रिया देउला 'मस्ट डिसिप्लिन', सृष्टि राउत 'मस्ट ट्यालेन्ट', सपना घर्ती मगर 'बेस्ट स्माइल' घोषित भए।

त्यस्तै, अनुशा राजभण्डारी 'मस्ट चार्मिङ', पूजा तामाङ 'बेस्ट स्किन', प्रिमा मानन्धर 'बेस्ट हेयर', रमा श्रेष्ठ 'मस्ट फोटोजेनिक', कृपा श्रेष्ठ 'सोसियल्ली रेस्पोन्सिवल नर्स', सुष्मा श्रेष्ठ 'मस्ट फ्रेन्डली', स्तुति सिंह राठौर 'मस्ट वब्ली' र वर्षा राना 'मस्ट ब्युटिफुल' बने।

मोडल तथा कलाकार प्रशान्त ताम्राकार, वीर अस्पतालका एसोसिएट प्रोफेसर डा. सन्ध्या चापागाईं, नोवल अस्पतालका मेडिकल डाइरेक्टर डा. लोचन कार्की, मिस नेपाल २००० उषा खड्गी, फोटोग्राफर राजभाइ सुवाल, फिल्म निर्माता तथा कलाकार सुनिल राबल निर्णायक रहेको कार्यक्रममा आकृति थापाको ड्रेस डिजाइनमा फिनालेमा प्रस्तुत भएका प्रतियोगीलाई रोजिन शाक्यले कोरियोग्राफी गरेका थिए।

प्रतियोगिता सफलतापूर्वक सम्पन्न भएको र आगामी दिनहरूमा झन् बृहत् र परिष्कृत बनाउँदै लैजाने प्रतिबद्धता संस्थाकी निर्देशक यतना पाण्डेले व्यक्त गरिन्।

कार्यक्रममा उठेको आर्थिक हिस्साको केही प्रतिशत सामाजिक उत्तरदायित्वअनुरूप भक्तपुरको गोठाटारमा रहेको सिर्जनशील बाल कल्याण केन्द्रको सहयोगार्थ हस्तान्तरण गरिएको थियो। सो संस्थामा आश्रित बालबालिकाको स्वास्थ्य उपचारमा समेत नेक्स्ट मोडल नेपालले योगदान गर्ने प्रतिबद्धता जनाएको छ। कार्यक्रममा वी मानव नृत्य समूह र निशा पोमूले नृत्य देखाएका थिए।

# बौद्ध विहारका लागि गुणमा 'कृषागौतमी'

**काठमाडौं/रास-** बौद्ध कथामा आधारित नेपाल भाषाको फिल्म 'कृषागौतमी' १ माघदेखि गुण सिनेमा हलमा प्रदर्शन भइरहेको छ।

रामकृष्ण खड्गीको निर्देशनमा बनेको 'कृषागौतमी' प्रदर्शनबाट हुने सम्पूर्ण रकम बौद्ध विहार मर्मत, निर्माण सम्भार तथा सम्बन्धित संस्थालाई सहयोग गरिने बताइएको छ। गुण फिल्मसको प्रस्तुत रहेको फिल्ममा मेलिना मानन्धर, कर्म, शिव श्रेष्ठ, लुनिभा तुलाधर, बत्स शाक्य, मञ्जु श्रेष्ठ, नगिना जोशी, रामकृष्ण महर्जनलगायतले अभिनय गरेका छन्। निर्देशक खड्गीकै लेखन रहेको फिल्ममा हरेक प्राणीको जन्मसँगै मृत्यु पनि निश्चित छ भन्ने शाश्वत सत्य चित्तन प्रस्तुत गरिएको छ।

केही दिनअघि गुण सिनेमामा प्रिमियर गरिएको 'कृषागौतमी' सो हलमा नियमित प्रदर्शनमा रहेको निर्माता दिजेन्द्र शाक्यले जानकारी दिए। यसै समूहले केही वर्षअघि बौद्धकथामा निर्माण गरेको पटाचारा फिल्मले व्यापारिक सफलता हासिल गर्नुका साथै राष्ट्रिय अवार्ड पनि जितेको थियो। पटाचाराबाट अर्जित सम्पूर्ण आम्दानी निर्माता दिजेन्द्रले बौद्धविहार निर्माण, सम्भार तथा विकासमा लगाएका थिए।

# गायनमा जम्दै राजु बराल

**काठमाडौं/रास-**

*मलाई यो देशको इतिहास पढ्न मन छ*
*बनाउँदै बाटोपुल अघि बढ्न मन छ*
*पहाड यही भन्ड, मधेस यही भन्ड*
*आऊ सबै हात मिलाऔं*
*यो देश फेरि बन्छ*

सविधान जारी भइसकेको छ। पहाड र तराईमा प्रदेश सीमांकनको विषयलाई लिएर अनेकौं मतभेद सिर्जना भएका छन्। यस्ता मतभेदहरूलाई चिरेर राष्ट्रिय एकता कायम गर्नुपर्ने सन्देश बोकेको यो गीत यतिबेला निकै चर्चामा छ। राष्ट्रियताको भावनालेै भरिएको यस गीतका गायक हुन्, राजु बराल।

खासगरी आधुनिक तथा लोक आधुनिक शैलीका गीत गाउन मन पराउने गायक बराल सांगीतिक क्षेत्रमा स्थापित हुन कसिएर लागेका छन्। यसै क्रममा पहिलो एल्बम 'पाइला' श्रोतामाझ प्रस्तुत गरिसकेका उनी दोस्रो एल्बमको तयारीमा लागिपरेका छन्।

'पाइला'मा समावेश गरिएको यो समसामयिक गीत मात्र होइन, 'हिमाली भेगमा हिउं पऱ्यो कान्छी तराईमा शीतलहर...' र 'तिम्रो मेरो माया वस्यो त्यसैत्यसै रहरमा तर आज हल्ला भो काठमान्डु सहरमा...' लगायतका गीत पनि श्रोताको मन जिल्न सफल भएका छन्। जिजराज पौडेल र सुबास भुसालले संगीत भरेका उनका गीतमा संगीतकार पौडेल र वी पाण्डेका शब्दहरू रहेका छन्।

दुई वर्ष संगीत प्रशिक्षण लिएर २०५७ सालदेखि औपचारिक गायन थालेका राजुले वढीजसो प्रेमप्रयणमा गीत गाएका छन्। त्यसो त उनी अन्य जुनसुकै विधाका गीत कुशलतापूर्वक गाउन सक्छन्। सुमधुर स्वरका धनी यी गायक स्टेजहरूमा आफूले गीति प्रस्तुत गरिसकेपछि दर्शकदीर्घाबाट 'वन्स मोर' गुन्जिने गरेको बताउँछन्। मुलुकका विभिन्न भूभागमा आयोजित महोत्सवहरूमा आफ्नो प्रस्तुति दिन भ्याई नभ्याई हुने बरालकेलाबेला विदेशमा समेत प्रस्तुति दिन जाने गरेका छन्।


City MAX For Booking : 01 2297957

Show Time
काफलपाको 8:30 AM, 3:30 PM
फन्को 12:30, 6:30 PM

www.citymaxcinemas.com
For updated show please type 'CITYMAX' and send it to '4546' citymaxcinemas

## साउदी अरेबीयामा रोजगार

1. NASSER ABDLAH AL SHAMRANI TRADING — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/०४ चलानी नं. : ७७८१ LT. No. 150108

| सि.नं. | कामदारको पद | मात्रा संख्या | मासिक तलब | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | SR | नेट. ज. | | | | | | | | |
| 1 | Worker | 01 | 1000 | 28,000 | | | | ८ घण्टा | ६ दिन | | छ | छ |

सहोदारा गरिने वि.बीजक बुझ बमले गर्ने र क्रीत लाग्ने — कामदार आफै
टेलेक्स रोजगार विभागबाट मान्यता बुझ दिने-गरिने — दिने
सहोदारा गरिने विसा बुझ बमले व्यहोर्ने र क्रीत लाग्ने — कामदार आफै
रोजगारदाता विसा बुझ्ने-व्यहोर्ने बमले व्यहोर्ने र क्रीत लाग्ने — हुने रोजगार दाता कम्पनीले
हवाई टिकट बमले दिने र क्रीत लाग्ने — निःशुल्क
भिसा शुल्क बमले दिने र क्रीत लाग्ने — निःशुल्क
सेवा शुल्क — १०००

वैदेशिक रोजगार विभागबाट मान्यताप्राप्त कम्पनी : छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

Synnet International Pvt. Ltd. सिनेट ईन्टरनेशनल प्रा.लि.
पोष्ट बक्स नं. १७३०, कुपण्डोल, ललितपुर
फोन.: ०२७७ १ ५५२५०१, ५५२५२०५, फ्याक्स नं.: ०२७७ १ ५५४७४१३,
ईमेल: info@synnet206.com, वेबसाइट : www.synnetintl.com

## कतारमा रोजगार

१. कम्पनी : AL-GARS TRADING & CONTRACTING — शहर : Doha
पूर्व स्वीकृत मिति : २०७२/९/३० चलानी नं. : ७५८४ LT. No. 149596

| सि.नं. | कामदारको पद | मात्रा संख्या | मासिक तलब | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | QR | नेट. ज. | | | | | | | | |
| 1 | Carpenter | 10 | 1100 | 30,800 | | | | ८ घण्टा | ६ दिन | | छ | छ |
| 2 | Labour | 35 | 900 | 25,200 | | | | | | | | |
| 3 | Steel Fixer | 15 | 1100 | 30,800 | | | | | | | | |
| 4 | Mason | 20 | 1100 | 30,800 | | | | | | | | |

सहोदारा गरिने वि.बीजक बुझ बमले गर्ने र क्रीत लाग्ने — कामदार आफै
टेलेक्स रोजगार विभागबाट मान्यता बुझ दिने-गरिने — दिने
सहोदारा गरिने विसा बुझ बमले व्यहोर्ने र क्रीत लाग्ने — कामदार आफै
रोजगारदाता विसा बुझ्ने-व्यहोर्ने बमले व्यहोर्ने र क्रीत लाग्ने — हुने रोजगार दाता कम्पनीले
हवाई टिकट बमले दिने र क्रीत लाग्ने — निःशुल्क
भिसा शुल्क बमले दिने र क्रीत लाग्ने — निःशुल्क
सेवा शुल्क — कम्पनीले दिने

वैदेशिक रोजगार विभागबाट मान्यताप्राप्त कम्पनी : छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

SAHARA INTERNATIONAL PVT. LTD.
Kathmandu,Nepal, P.O.Box: 8975 EPC 2123,
Tel: +977-1-4113623, 4113624, Fax: +977-1-4113624,
E-mail:sahara_int121@hotmail.com, Web: www.saharamanpower.com
Govt. Lic. No : 1216/55/56

## कतारमा रोजगार

१. कम्पनी : AL KHAJA MEDIAL STORE
पूर्व स्वीकृत मिति : २०७२/९/३० चलानी नं. : ७६९९ LT. No. 150083

| सि.नं. | कामदारको पद | मात्रा संख्या | मासिक तलब | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | QR | नेट. ज. | | | | | | | | |
| 1 | GEN.CLEAN WORKER | 01 | 900 | 25,551 | | | | ८ घण्टा | ६ दिन | | छ | छ |

सहोदारा गरिने वि.बीजक बुझ बमले गर्ने र क्रीत लाग्ने — कामदार आफै
टेलेक्स रोजगार विभागबाट मान्यता बुझ दिने-गरिने — दिने
सहोदारा गरिने विसा बुझ बमले व्यहोर्ने र क्रीत लाग्ने — कामदार आफै
रोजगारदाता विसा बुझ्ने-व्यहोर्ने बमले व्यहोर्ने र क्रीत लाग्ने — हुने रोजगार दाता कम्पनीले
हवाई टिकट बमले दिने र क्रीत लाग्ने — निःशुल्क
भिसा शुल्क बमले दिने र क्रीत लाग्ने — निःशुल्क
सेवा शुल्क — कम्पनीले दिने

वैदेशिक रोजगार विभागबाट मान्यताप्राप्त कम्पनी : छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

MOUGHAL International Services Pvt. Ltd.
New Baneshwor-34, Kathmandu, Nepal
Tel :- 01 4486155, Itahari: 025-584953, Mobile : 9851129355, 9802023043

## मलेशियामा रोजगार

1 Company : HEXA ANALISA SDN BHD
पूर्व स्वीकृति मिति : २०७२/९/२८ चलानी नं. : ७५६० LT. No.: 148953 कुलजात : कम्पनीले दिने

| सि.नं. | कामदारको पद | मात्रा संख्या | मासिक तलब | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | RM | ने.ज. | | | | | | | | |
| 1 | Factory Worker | 06 | 900 | 25,200 | | | | ८ घण्टा | ६ दिन | | छैन | छ |

2 Company : CONTINENTAL RESOURCES SDN BHD
पूर्व स्वीकृति मिति : २०७२/९/२९ चलानी नं. : ७५३७ LT. No.: 148956 कुलजात : कम्पनीले दिने

| सि.नं. | कामदारको पद | मात्रा संख्या | मासिक तलब | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | RM | ने.ज. | | | | | | | | |
| 1 | Factory Worker | 50 | 900 | 25,200 | | | | ८ घण्टा | ६ दिन | | छैन | छ |

सहोदारा गरिने वि.बीजक बुझ बमले गर्ने र क्रीत लाग्ने — कामदार आफै
टेलेक्स रोजगार विभागबाट मान्यता बुझ दिने-गरिने — दिने
सहोदारा गरिने विसा बुझ बमले व्यहोर्ने र क्रीत लाग्ने — कामदार आफै
रोजगारदाता विसा बुझ्ने-व्यहोर्ने बमले व्यहोर्ने र क्रीत लाग्ने — हुने रोजगार दाता कम्पनीले
हवाई टिकट बमले दिने र क्रीत लाग्ने — निःशुल्क
भिसा शुल्क बमले दिने र क्रीत लाग्ने — निःशुल्क
सेवा शुल्क — निःशुल्क

वैदेशिक रोजगार विभागबाट मान्यताप्राप्त कम्पनी : छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

DP DYNAMIC Lic. No. 691/063/064
Dynamic Positions Pvt. Ltd.
P.O. Box No : 3025, Naxal, Gairidhara Kathmandu, Nepal
Tel : +977-1- 4004014, Fax : +977-1-4004015, Cell : 9851003271, 9851009259, 9801080947, Email : scmmanoj@gmail.com,
Web : www.dynamicpositionsnepal.com

## बैदेशिक रोजगारको अवसर

